# शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय

नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०७४ बमोजिम मन्त्रालयको कार्यक्षेत्रमा शिक्षा, विज्ञान र प्रविधिसम्बन्धी नीति, योजना तथा कार्यक्रमको तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्याङ्कन, शिक्षा विज्ञान तथा प्रविधिसम्बन्धी राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थासँग सम्पर्क तथा समन्वय, विश्वविद्यालयहरू र नेपाल शिक्षा सेवाको सञ्चालनलगायतका कार्यहरू रहेका छन् । मन्त्रालय मातहत सरकारी कार्यालय र संगठित संस्थासमेत ४८८ निकायबाट कार्य सम्पादन गरी सेवा प्रवाह भइरहेको छ ।

१. **सरकारी कार्यालय -** मन्त्रालय र मातहतसमेत ८४ सरकारी कार्यालयको निम्नानुसार रू.२५ अर्ब २९ करोड ४० लाखको लेखापरीक्षण सम्पन्न भएको छ ।

**(रू.लाखमा)**

| विनियोजन | राजस्व | धरौटी | अन्य कारोबार | जम्मा |
|---|---|---|---|---|
| २३,९६,७५ | ९८,०५ | ८,१५ | २६,४५ | २५,२९,४० |

उल्लिखित लेखापरीक्षण रकममा मन्त्रालयमा विनियोजन भई अर्थ मन्त्रालय र गृह मन्त्रलयमा खर्च भएको रकम रू.१२ अर्ब ६० करोड ६६ लाख यसमा समावेश छैन । यो वर्ष ६ संघीय निकायको रू.३२ करोड ६२ लाख लेखापरीक्षण गर्न बाँकी रहेको छ ।

२. **संगठित र अन्य संस्था -** यो वर्ष २२४ संस्थाको रू.१ खर्ब १५ अर्ब २४ करोड ३० लाखको लेखापरीक्षण सम्पन्न भएको छ । संगठित संस्था १७४ निकायको लेखापरीक्षण बाँकी रहेको छ ।

३. **प्राविधिक सहायता -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३५ मा सबै कारोबारको लेखा र वित्तीय विवरण पेस गरी लेखापरीक्षण गराउनुपर्ने व्यवस्था छ । अर्थ मन्त्रालयबाट प्रकाशित प्राविधिक सहायतासम्बन्धी विवरणअनुसार २५ विकास साझेदारबाट यो वर्ष अमेरिकी डलर १ करोड १५ लाखको हुने रू.१ अर्ब ३७ करोड ५८ लाख प्राविधिक सहायता प्राप्त हुने उल्लेख भएकोमा प्राप्त सहयोगको वित्तीय विवरण तयार गरी लेखापरीक्षणका लागि पेस भएको छैन । ऐनको व्यवस्थाबमोजिम सबै कारोबारको लेखा राखी लेखापरीक्षण गराउनुपर्दछ ।

४. **बजेट तथा खर्च -** शिक्षातर्फ रू.१ खर्ब ७१ अर्ब ७१ करोड बजेट विनियोजन भएकोमा रकमान्तरबाट खुद बजेट रू.१ खर्ब ६३ अर्ब ६० करोड कायम भई रू.१ खर्ब ५२ अर्ब ७२ करोड (खुद बजेटको ९३.३४ प्रतिशत) खर्च भएको छ । सरकारगत खर्चको अवस्था विश्लेषण गर्दा संघीय सरकारले रू.३६ अर्ब ८८ करोड (३२.५४ प्रतिशत), प्रदेश सरकारले रू.५ अर्ब १० करोड (२.९७ प्रतिशत) र स्थानीय तहले रू.१ खर्ब १० अर्ब ७४ करोड (६४.४९ प्रतिशत) खर्च गरेको देखिन्छ । वार्षिक बजेटको उल्लेखनीय हिस्सा स्थानीय तहबाट खर्च हुने गरेकोमा ती निकायले गरेको उपलब्धि सम्बन्धमा मन्त्रालयले एकीकृत प्रतिवेदन तयार गरी अनुगमन गर्ने गरेको देखिएन । शिक्षा क्षेत्रमा तीनै तहका सरकारबाट भएको खर्चको समग्र उपलब्धि एकीकृत गरी मूल्याङ्कन गर्ने प्रणाली तयार गर्नुपर्दछ । विद्यालय क्षेत्र विकास कार्यक्रमले कुल बजेटको तुलनामा शिक्षा क्षेत्रमा २०७६।७७ सम्म १७ प्रतितशत र २०७९।८० सम्म २० प्रतिशत पुर्‍याउने लक्ष्य रहेको छ । विगत ३ वर्षको विनियोजित बजेट विश्लेषषण गर्दा कुल

बजेटको तुलनामा शिक्षा क्षेत्रमा २०७५।७६ मा १०.२० प्रतिशत, २०७६।७७ मा १०.७८ र २०७७।७८ मा ११.६४ प्रतिशत विनियोजन भएको छ । गुणस्तरीय शिक्षाको सुनिश्चित गर्न लक्षित कार्यक्रम सञ्चालनको लागि आवश्यक बजेटको व्यवस्था गरी कार्य योजना बनाएर खर्च गर्नुपर्दछ ।

५. **वार्षिक कार्यक्रम र प्रगति -** स्वीकृत वार्षिक कार्यक्रम तथा प्रगति विवरण अनुसार मन्त्रालय र अन्तर्गतका निकायहरूको प्रगति निम्नानुसार छः

(रू.हजारमा)

| क्र. सं. | कार्यक्रम | खुद बजेट | खर्च | खर्च प्रतिशत | भौतिक प्रगति प्रतिशत | |
|---|---|---|---|---|---|---|
| | | | | | चालु | पुँजीगत |
| १ | विद्यालय क्षेत्र विकास कार्यक्रम (केन्द्र) | २,५७,३३,०६ | ३८,७३,६८ | ५१.५ | २५ | ९८ |
| २ | सबैका लागि शिक्षा शिशु विकास कार्यक्रम | १,६०,०० | ४७,१४ | २९ | ४५ | - |
| ३ | शिक्षा तथा मानवस्रोत विकास केन्द्र | ७२,५०,४२ | ८,२५,२३ | ११ | - | ३८ |
| ४ | शिक्षा विकास समन्वय इकाईहरू | ६६,२४,७२ | ४६,९८,३० | ७३ | - | ३८ |
| ५ | प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद विशेष कार्यक्रम समेत | १,४९,२५,०० | ४८,६७,०५ | ३३ | ७५ | - |
| ६ | नेपाल विज्ञान तथा प्रविधि प्रतिष्ठान | ३९,०८,०० | २४,३१,९३ | ७०.५ | ७२ | ८७ |
| ७ | युनेस्कोका निमित्त नेपाल राष्ट्रिय आयोग | १,६६,०० | १,२५,०० | ७५ | ९१ | ० |
| ८ | राष्ट्रिय परीक्षा बोर्ड | ३०,००,०० | ८,१७,९४ | २७ | ७८ | - |
| ९ | पुस्तकालय -३ | १३,०७,०० | ६,२२,५३ | ६१ | ९१ | ३८ |
| १० | शिक्षाको लागि खाद्य कार्यक्रम परियोजना | ४५,७८,०० | ४१,७६,१२ | ७०.५ | १०० | ७१ |
| ११ | शैक्षिक गुणस्तर परीक्षण केन्द्र | ४०,०० | ३३,३७ | १०० | ८३ | - |
| १२ | व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि योजना–दोस्रो | २,८७,९४,०० | १,१४,६६,७२ | ६३ | ८३ | ८१ |
| १३ | पढाई सीप प्रवर्द्धन कार्यक्रम | १२,४३,०० | ० | ० | ० | ० |

उल्लिखित तालिकाअनुसार विद्यालय क्षेत्र विकास कार्यक्रमतर्फ ५१.५, शिक्षा तथा मानवस्रोत विकास केन्द्रतर्फ ११, सबैका लागि शिक्षा शिशु विकास कार्यक्रमतर्फ २९, प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्तर्फ ३३, राष्ट्रिय परीक्षा बोर्डतर्फ २७ प्रतिशत प्रगति देखिएको तथा पढाई सीप प्रवर्द्धन कार्यक्रम सञ्चालन भएको छैन । सबै निकायले विनियोजन बजेट तथा स्वीकृत कार्यक्रमअनुसार भौतिक प्रगति खुल्ने विवरण तयार गरेका छैनन् । समयमा नै कार्यक्रम सञ्चालन गरी लक्षित नतिजा हासिल गर्नुपर्दछ ।

६. **आवधिक योजना कार्यान्वयन -** पन्ध्रौं योजनामा शिक्षातर्फ तोकिएका सूचकहरूलाई वार्षिक बजेटबाट सम्बोधन गरी कार्यक्रम सञ्चालन गर्नुपर्दछ । युवा साक्षरता दर (१५ देखि २४ वर्ष), प्रारम्भिक बाल शिक्षा तथा विकास पूर्व/प्राथमिक शिक्षामा कुल भर्ना दर, खुद भर्ना दर, उच्च शिक्षाको कुल भर्ना दर, विद्यालय छाड्ने दर, कक्षा ८ का विद्यार्थीको सिकाई उपलब्धि, अनुसन्धान, विज्ञान तथा प्रविधि, कुल गार्हस्थ्य उत्पादनको अनुपातमा अनुसन्धान र विकास खर्चका नतिजालगायतका सूचकमा २०७७।७८ को लक्ष्यबमोजिम प्रगति हासिल भएको देखिएन ।

| क्र. सं. | सूचक | इकाई | २०७७।७८ को लक्ष्य | प्रगति |
|---|---|---|---|---|
| १ | युवा साक्षरता दर (१५–२४ वर्ष) | प्रतिशत | ९४ | ९२ |

| क. सं. | सूचक | इकाई | २०७७।७८ को लक्ष्य | प्रगति |
|---|---|---|---|---|
| २ | प्रारम्भिक बाल शिक्षा तथा विकास/पूर्व प्राथमिक शिक्षामा कुल भर्ना दर | प्रतिशत | ९२ | ८७.६ |
| | **खुद भर्ना दर** | | | |
| ३ | आधारभूत तह (१—८) | प्रतिशत | ९९ | ९४.७ |
| ४ | माध्यमिक तह (९—१२) | प्रतिशत | ५७ | ५१.२ |
| ५ | उच्च शिक्षाको कुल भर्ना दर | प्रतिशत | १८ | १४.१ |
| | **विद्यालय छाड्ने दर** | | | |
| ६ | आधारभूत तह (१—८) | प्रतिशत | २.९ | ४.२ |
| ७ | माध्यमिक तह (९—१२) | प्रतिशत | १.८ | ३.४ |
| ८ | पेशागत तालिम प्राप्त शिक्षक | स्कोर | ८६ | - * |
| ९ | गुणस्तर सुनिश्चितता तथा प्रत्ययन प्राप्त क्याम्पस | प्रतिशत | ९० | ६० |
| १० | इन्टरनेट सुविधा पुगेका विद्यालय | प्रतिशत | ५५ | ४१ |
| ११ | प्रदेशस्तरका विधि विज्ञान प्रयोगशाला स्थापना | प्रतिशत | ४ | ३ |

* पेशागत तालिम प्राप्त शिक्षकहरूको लक्ष्य तोके पनि यस सम्बन्धी कार्य प्रदेश सरकारले सम्पादन गर्ने र सो सम्बन्धी तथ्याङ्क प्राप्त नभएको कारण प्रगति देखाएको छैन ।

उपर्युक्त विवरणअनुसार उच्च शिक्षाको कुल भर्ना दर, विद्यालय छाड्ने दर, इन्टरनेट सुविधा पुगेका विद्यालय, प्रदेशस्तरका विधिविज्ञान प्रयोगशाला स्थापनालगायतका सूचकमा न्यून प्रगति देखिएकोले आवधिक योजनामा उल्लेख भएका क्रियाकलाप निर्धारित समयावधिभित्र कार्यान्वयन गरी निर्धारित लक्ष्य हासिल गर्न थप क्रियाशील हुनुपर्दछ ।

७. **नीति तथा बजेट कार्यान्वयन -** यस वर्षको वार्षिक नीति तथा कार्यक्रममा २४ जिल्लामा साक्षरता कार्यक्रम सञ्चालन गरी अभियानकै रूपमा साक्षर नेपाल घोषणा गर्ने उल्लेख छ । साक्षरता अभियान कार्यक्रम २०६५।६६ मा शुरु भई हालसम्म रू.८ अर्बभन्दा बढी रकम खर्च भएको छ । यो वर्ष थप एक जिल्ला साक्षरता घोषणा भए तापनि २३ जिल्ला साक्षरता घोषणा भएको छैन ।

सार्वजनिक विद्यालयलाई गुणस्तरीय शिक्षाको केन्द्र बनाइने, विद्यालय तथा शिक्षण संस्थाको नक्साङ्कन गरी भूगोल र न्यूनतम विद्यार्थी संख्याको आधारमा समायोजन गर्ने घोषणाको कार्यान्वयन भएको छैन । कक्षा ९ देखि १२ सम्मका विपन्न र अपाङ्ग भएका नागरिकका बालबालिका, शहिदका छोराछोरी र जेहेन्दार विद्यार्थीलाई छात्रवृत्ति वितरण, जनसंख्याको बनोट र भौगोलिक अवस्थाको आधारमा विद्यालय तथा शिक्षण संस्थाहरूको समायोजन एवं एकीकरण कार्यका लागि रू.४७ करोड, “चिनौं आफ्नो माटो, बनाऔं आफ्नै देश" अभियानका लागि रू.१ अर्ब ५० करोड विनियोजन भएकोमा कार्यान्वयन हुनसकेको छैन । प्रत्येक स्थानीय तहमा न्यूनतम एक विद्यालयमा प्राविधिक धारका पठनपाठन सञ्चालनको कार्यक्रम लागू गर्ने उल्लेख भएकोमा २८ प्रतिशतमात्र प्रगति भएको छ । बजेटले निर्दिष्ट गरेअनुरूपका कार्यक्रम कार्यान्वयन गर्नुपर्दछ ।

८. **शिक्षा क्षेत्रको समग्र कार्यक्रम** - यो वर्ष शिक्षा क्षेत्रमा रू.१ खर्ब ५२ अर्ब ७२ करोड बजेट खर्च भए पनि बाल विकास क्षमता अभिवृद्धि, आधारभूत विद्यालय उमेरका सबै बालबालिकालाई विद्यालय भर्ना, भर्ना भएकालाई अध्ययन निरन्तरता, निःशुल्क माध्यमिक शिक्षालगायतका आधारभूत विषयको प्रगति सन्तोषजनक हुनसकेको छैन । बजारको माग र रोजगारीबीच तालमेल नभएको, शिक्षित बेरोजगार बढ्दै

गएको, उच्च शिक्षा प्रतिस्पर्धी र अनुसन्धानमूलक नभएको, विज्ञान तथा प्रविधिमा आधारित शिक्षा र प्राविधिक शिक्षाको पहुँच विस्तार पर्याप्त मात्रामा नभएको, शिक्षाको प्रक्रिया सिकाइभन्दा परीक्षामुखी भएको, शिक्षकको पेशागत सक्षमता, नैतिकता र उत्प्रेरणा वृद्धि हुन नसकेको, सार्वजनिक शिक्षामा स्थानीय समुदायको अपनत्व सिर्जना नभएकोले निजी क्षेत्रले बढी प्राथमिकता प्राप्त गरेको, निजी क्षेत्रमा शैक्षिक संस्था अधिक नाफामुखी भएका कारण शैक्षिक क्षेत्रमा सुशासन प्रवर्द्धन हुनसकेको छैन । सार्वजनिक शिक्षामा गुणस्तर अभिवृद्धि र शैक्षिक क्षेत्र सुधारका लागि सरोकारवाला सबैको पेशागत जवाफदेहिता सुनिश्चित गर्दै शिक्षा र रोजगार एक आपसमा पूरक हुने व्यवस्था मिलाउनुपर्दछ ।

९. **राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम -** यस कार्यक्रम अन्तर्गत यो वर्ष ४८४ विद्यालयमा कक्षा कोठा निर्माण, शौचालय निर्माण, खेलकुद मैदान, सूचना प्रविधि ल्याब स्थापना, शैक्षिक सामग्री खरिद तथा विशेष विद्यालयलाई सञ्चालन अनुदान दिने उद्देश्यले रू.६ अर्ब बजेट विनियोजन भएकोमा विभिन्न विद्यालयलाई रू.५ अर्ब ७ करोड ४१ लाख निकासा भएको छ । अनुदान प्रदान गरेको रकमबाट निर्धारित कार्यक्रमको कार्यसम्पादन विवरण प्राप्त गरी एकीकृत नगरेका कारण उपयोगको सम्बन्धमा सुनिश्चित हुने स्थिति देखिएन ।समयमा नै बजेट निकासा गरी खर्चको प्रतिवेदन लिएर कार्यक्रम सम्पन्न गरेको यकिन गर्नुपर्दछ ।

१०. **सम्बन्धन -** विदेशी शिक्षण संस्थाको सम्बन्धनमा उच्च शिक्षा सञ्चालन गर्ने सम्बन्धी निर्देशिका, २०५९ मा मन्त्रालयबाट मनसायपत्र प्राप्त गरेपछि विश्वविद्यालयबाट सम्बन्धन प्राप्त गरी अन्य मुलुकका शैक्षिक कार्यक्रम सञ्चालन गर्नुपर्ने व्यवस्था छ । विदेशी विश्वविद्यालयका शैक्षिक कार्यक्रम सञ्चालन गर्न मनसायपत्र प्राप्त गरेका ६७ शैक्षिक संस्थाले अनुमतिका लागि निवेदन गरेकोमा सम्बन्धित विश्वविद्यालयले स्वीकृति दिएको छैन । विदेशका विश्वविद्यालयमा अध्ययन गर्न यो वर्ष २९ हजार ४६३ समेत विगत ८ वर्षमा ३ लाख २७ हजार विद्यार्थीले निजी खर्चमा विदेशमा अध्ययन गर्न नो अब्जेक्सन लेटर लिएका छन् । विदेश अध्ययन गर्न जाने विद्यार्थीले ठूलो धनराशी विदेशी मुद्रा सटही गरेको अवस्था छ। मनसायपत्र प्राप्त गरेका शैक्षिक संस्थालाई सम्बन्धन दिने सम्बन्धमा निर्णय हुनुपर्दछ।

११. **शिक्षक विद्यार्थी अनुपात -** शिक्षा नियमावली, २०५९ मा शिक्षक/विद्यार्थी अनुपात हिमालमा ४०, पहाडमा ४५ र तराईमा ५० हुनुपर्ने उल्लेख छ । शिक्षा तथा मानवस्रोत विकास केन्द्रबाट प्रकाशित प्रतिवेदनअनुसार विद्यालय-विद्यार्थी तथा शिक्षक-विद्यार्थी अनुपात देहायबमोजिम रहेको छः

| देश | विद्यालय-विद्यार्थी अनुपात | | | | शिक्षक-विद्यार्थी अनुपात | | | |
|---|---|---|---|---|---|---|---|---|
| | आधारभूत (१-५) | आधारभूत (६-८) | माध्यमिक (९-१०) | माध्यमिक (११-१२) | आधारभूत (१-५) | आधारभूत (६-८) | माध्यमिक (९-१०) | माध्यमिक (११-१२) |
| प्रदेश १ | ८० | ८९ | ८९ | १५५ | १५ | २९ | २४ | ३९ |
| मधेस प्रदेश | १८६ | १७३ | १६७ | १५५ | ३७ | ६८ | ५० | ५९ |
| वाग्मती प्रदेश | ९२ | ९१ | ७५ | १८९ | १४ | २५ | १५ | ३९ |
| गण्डकी प्रदेश | ६२ | ८१ | ७५ | ११६ | १० | २२ | १७ | २१ |
| लुम्बिनी प्रदेश | ११५ | १२१ | ११० | १६३ | १८ | ३६ | २८ | ३६ |
| कर्णाली प्रदेश | ८९ | ११२ | ११६ | १५१ | २४ | ४१ | ४१ | ३८ |
| सुदूरपश्चिम प्रदेश | ९७ | १०८ | १४६ | ११० | १९ | ३५ | ३२ | ३२ |
| **कुल** | **१०१** | **१०६** | **९८** | **१५८** | **१८** | **३३** | **२४** | **३५** |

प्रतिवेदनअनुसार विद्यालय विद्यार्थी अनुपात आधारभूत तहको कक्षा १-५ मा १०१ र कक्षा ६-८ मा १०६, माध्यमिक तहको कक्षा ९-१० मा ९८ र कक्षा ११-१२ मा १५८ रहेको छ । त्यसैगरी शिक्षक विद्यार्थी अनुपात कक्षा १-५ मा १८, कक्षा ६-८ मा ३३, माध्यमिक तहको कक्षा ९-१० मा २४ र कक्षा ११-१२ मा ३५ रहेको छ । त्यस्तो अनुपात सबैभन्दा कम गण्डकी प्रदेशमा रहेको छ । शिक्षाको गुणस्तर सुधार गर्न निर्धारित मापदण्डबमोजिम सबै प्रदेशमा विद्यालय-विद्यार्थी तथा शिक्षक-विद्यार्थी अनुपात कायम हुनेगरी व्यवस्थापन गर्नुपर्दछ ।

१२. **कक्षा १० (एस.ई.ई.) को नतिजा -** कक्षा १० को माध्यमिक शिक्षा परीक्षा (एस.ई.ई.) शैक्षिक सत्र, २०७६ मा कोरोना महामारीका कारण परम्परागत तरिकाले भौतिक रूपमा परीक्षा सञ्चालन गर्न नसकी नेपाल सरकार मन्त्रिपरिषद्को २०७७।२।२८ को निर्णय अनुसार विद्यालयहरूले मूल्याङ्कन गरेको प्राप्ताङ्कका आधारमा नतिजा प्रकाशन गरेको छ । त्यसैगरी २०७७।७८ मा समेत सोही निर्णयबमोजिम कुल विद्यार्थी ४ लाख ८४ हजार २७८ सहभागीमध्ये १५.०४८ प्रतिशतले ३.६ देखि ४ जी.पी.ए.सम्म प्राप्त गरेका थिए। उक्त नतिजा शैक्षिक सत्र २०७६ को तुलनामा ७ प्रतिशतले बढी छ । शैक्षिक वर्ष २०७६ तथा २०७७ को नतिजाको तुलनात्मक अवस्था निम्नानुसार रहेको छः

| सि.नं. | जी.पी.ए. | २०७६ को नतिजा | २०७७ को नतिजा | कुलको तुलनामा २०७६ को जी.पी.ए.प्रतिशत | कुलको तुलनामा २०७७ को जी.पी.ए.प्रतिशत | २०७६को नतिजाको तुलना २०७७ को नतिजा प्रतिशत |
|---|---|---|---|---|---|---|
| १ | नतिजा रोकिएको | १८१२६ | ९१३२ | ३.७५ | १.८९ | -४९.६२ |
| २ | ०.८ देखि १.१९ सम्म | १२ | ३ | ०.०१ | ०.००१ | -७५.०० |
| ३ | १.२ देखि १.५९ सम्म | ५३९ | १३ | ०.११ | ०.००३ | -९७.५९ |
| ४ | १.६ देखि १.९९ सम्म | १७०८१ | ६२० | ३.५४ | ०.१२८ | -९६.३७ |
| ५ | २ देखि २.३९ सम्म | ७९४०४ | १९३८३ | १६.४४ | ४.००२ | -७५.५९ |
| ६ | २.४ देखि २.७९ सम्म | ११७४९९ | ११३०१७ | २४.३३ | २३.३३७ | -३.८१ |
| ७ | २.८ देखि ३.१९ सम्म | ९५००३ | १५९६४८ | १९.६७ | ३२.९६६ | ६८.०५ |
| ८ | ३.२ देखि ३.५९ सम्म | ७७१५० | १०९५९० | १५.९७ | २२.६३० | ४२.०५ |
| ९ | ३.६ देखि ४ सम्म | ७८१६९ | ७२८७२ | १६.१८ | १५.०४८ | -६.७८ |
| | जम्माः | ४८२९८३ | ४८४२७८ | १०० | १०० | |

एस.ई.ई.परीक्षाको नतिजामा २०७६ को तुलनामा २०७७ को नतिजा न्यून जी.पी.ए.प्राप्त गर्ने तथा ३.६ देखि ४ सम्मको उच्च जी.पी.ए.प्राप्ति गर्नेको संख्या पनि घटेको देखियो । सबैभन्दा न्यून जी.पी.ए. ०.८ देखि १.१९ सम्म प्राप्त गर्ने ७५ प्रतिशतले घटेको तथा उच्च जी.पी.ए. प्राप्त गर्ने ६.७८ प्रतिशतले घटेको देखिएको छ ।

१३. **निःशुल्क शिक्षा-** नेपालको संविधानको धारा ३१ मा प्रत्येक नागरिकलाई आधारभूत तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क तथा माध्यमिक तहसम्मको शिक्षा निःशुल्क हुने उल्लेख छ। अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५ मा माध्यमिक तहको शिक्षा निःशुल्क गर्ने व्यवस्था छ। माध्यमिक तह अन्तर्गत राष्ट्रिय परीक्षा बोर्डले रजिष्ट्रेसन, परीक्षा, प्रमाणपत्र लगायतका शीर्षकमा यो

वर्ष रू.३ करोड ९६ लाख शुल्क सङ्कलन गरेको छ । ऐन विपरीत शुल्क असुल गर्ने कार्यमा नियन्त्रण गरी निःशुल्क शिक्षा उपलब्ध गराउने कानूनी व्यवस्थाको पालना हुनुपर्दछ।

१४. **उच्च शिक्षा -** मन्त्रालयबाट विश्वविद्यालयसम्बन्धी नीति, कानुनको निर्माण, मापदण्ड निर्धारण, अनुगमन लगायतका कार्यसम्पादन हुने गरेको छ। नेपालमा ११ विश्वविद्यालय तथा ६ स्वास्थ्य विज्ञान प्रतिष्ठान सञ्चालनमा रहेका छन् । ती विश्वविद्यालय मातहत १ हजार ४३७ क्याम्पसमा सेवा करारका ४७७ समेत १० हजार ८१० प्राज्ञिक जनशक्ति रहेको छ । सञ्चालित विश्वविद्यालयमा अध्ययनरत कुल ४ लाख ६६ हजार विद्यार्थीमध्ये त्रिभुवन विश्वविद्यालयमा ७६ प्रतिशत, अन्य १० विश्वविद्यालय र स्वास्थ्य विज्ञान प्रतिष्ठानमा २४ प्रतिशत रहेका छन् । विश्वविद्यालयहरूमा अध्ययन गर्नेमध्ये साधारण विषय अध्ययन गर्ने ७७.८३ र प्राविधिक विषय अध्ययन गर्ने २२.१७ प्रतिशत रहेका छन् । साधारण धारमा पनि ४३ प्रतिशत व्यवस्थापन, १९ प्रतिशत शिक्षा, १३ प्रतिशत मानविकी संकायका रहेका छन् । प्राविधिक धारमा विद्यार्थीको प्राथमिकता रहे पनि विज्ञानमा ८ प्रतिशत, इन्जिनियरिङमा ६.३८ र मेडिकलमा ५.९८ प्रतिशत भर्ना भएका छन् । आर्थिक क्षमता र अन्य पहुँचका कारणले अपेक्षा अनुरूपको अवसर उपभोग गर्न नसकेको अवस्था छ । मन्त्रायलयले जनशक्ति प्रक्षेपण तथा मानव संसाधन विकास योजना तयार नगरेको तथा सीपमूलक शैक्षिक कार्यक्रमको न्यूनताले गर्दा शैक्षिक बेरोजगारको संख्यामा बढोत्तरी भई शिक्षातर्फको लगानीबाट उचित प्रतिफल प्राप्त गर्न सकिएको छैन। विश्वविद्यालयहरूबाट विश्व बजारको माग र नव प्रविधिमा आधारित शिक्षा बायोमेट्रिक्स, बायो इन्फर्मेसन, कम्प्युटर केमेष्ट्री, मेसिन लर्निङ्ग, आर्टिफियल इन्टेलिजेन्स जस्ता विषय अझै कार्यान्वयनमा आउन सकेको छैन । सीपयुक्त जनशक्ति उत्पादन गर्न कार्यक्रम सञ्चालनको दायरा बढाउनुपर्दछ।

१५. **अध्ययन अनुसन्धान -** विश्वविद्यालयको कार्यक्षेत्रमा अर्थ व्यवस्था, उत्पादन, रोजगार, आय आर्जन, सामाजिक विकास, प्रविधि विकास लगायतका विषयहरूमा विशेष अध्ययन, अनुसन्धानसमेत गरी नयाँ ज्ञान, प्रविधि र सीपको विकास गर्नु समेत रहेको छ । सञ्चालनमा रहेका ११ विश्वविद्यालयमा मौलिक ज्ञान र प्रविधिमा आएको परिवर्तनलाई आत्मसात् गरी राष्ट्रको उन्नति तथा संमृद्धिमा सहयोग पुग्ने गरी नयाँ पाठ्यक्रम तथा व्यावहारिक अभ्यासले प्राथमिकता पाएको छैन। लेखन, अभ्यासस्थल परियोजनासँग आबद्धता लगायतका सीपको विकास गर्न अध्ययन अनुसन्धान गरेका छैनन्। विश्वविद्यालयहरूले शैक्षिक कार्यक्रमहरूको अलावा अध्ययन अनुसन्धान कार्यमा समेत जोड दिनुपर्ने देखिन्छ ।

१६. **पुस्तकालय व्यवस्थापन -** यो वर्ष उपत्यकाका ३ पुस्तकालयलाई रू.९० लाख अनुदान उपलब्ध गराएको छ । नेपालमा सरकारी तथा निजी क्षेत्रबाट सञ्चालित पुस्तकालयहरूमध्ये राष्ट्रिय पुस्तकालय, केशर पुस्तकालय, काठमाडौं उपत्यका सार्वजनिक पुस्तकालय आदि सञ्चालित छन् । त्यस्तै मदन पुरस्कार पुस्तकालय, रत्न पुस्तकालय तथा विभिन्न क्याम्पस, विद्यालय एवम् सामुदायिक रूपमा करिब १ हजार ५०० पुस्तकालय रहेका छन् । पुस्तकालयहरूको व्यवस्थित सञ्चालनको लागि गुरुयोजना तर्जुमा गरी अभिलेख व्यवस्थापन र डिजिटलाइजेसनको कामसमेत हुनसकेको छैन । भौतिक रूपमा उपस्थित भई अध्ययन गर्नुपर्ने विद्यमान अवस्थालाई डिजिटल पुस्तकालय (ई-लाइब्रेरी) को रूपमा रुपान्तरण गर्दै विश्वभर रहेका अन्य पुस्तकालयसँग आबद्ध गर्न हालका पुस्तकालयको संस्थागत संरचनामा पुनरावलोकन गरी विद्यालय, विश्वविद्यालयको पठनपाठन विधिसमेत सुधार गर्नुपर्दछ ।

१७. **सम्बन्धन धरौटी -** विदेशी शिक्षण संस्थाको सम्बन्धनमा उच्च शिक्षा सञ्चालन गर्ने सम्बन्धी निर्देशिका, २०५९ अनुसार सञ्चालन अनुमति प्राप्त गर्न सञ्चालन भएको कार्यक्रमहरूका लागि स्वीकृति प्राप्त 'क' वर्गको वाणिज्य बैकको खातामा शिक्षण संस्थाकै नाममा धरौटी रकम दाखिला गर्नुपर्ने व्यवस्था छ। उक्त व्यवस्थाबमोजिम ८६ शिक्षण संस्थाको बैङ्क खातामा रू.२८ करोड २६ लाख धरौटी रहेको छ। करारको शर्तनामाबमोजिम कार्य नगरेमा राजस्व खातामा सहज तवरले दाखिला गर्न उक्त धरौटी रकम नेपाल सरकारकै धरौटी खातामा राख्ने व्यहोरा औंल्याएपछि रू.११ करोड ६९ लाख नेपाल सरकारको खातामा दाखिला भई रू.१६ करोड ५७ लाख शिक्षण संस्थाकै खातामा रहेकोले उक्त रकम धरौटी खातामा दाखिला गर्नुपर्दछ।

१८. **छात्रवृत्ति -** विदेशी शिक्षण संस्थाको सम्बन्धनमा उच्च शिक्षा सञ्चालन गर्ने सम्बन्धी निर्देशिका, २०५९ मा सञ्चालन अनुमति प्राप्त शिक्षण संस्थाले कुल क्षमताको कार्यक्रमगत आधारमा १० प्रतिशत कोटा छात्रवृत्तिको रूपमा नेपाल सरकारलाई उपलब्ध गराउनुपर्ने व्यवस्था छ । यस सम्बन्धमा देखिएका व्यहोरा निम्नानुसार छन्ः

१८.१. निर्देशिकानुसार प्राप्त हुने छात्रवृत्ति कोटामा जेहेन्दार, विपन्न, महिला, जनजाति, मधेशी, दलित, अपाङ्ग तथा पिछडिएको क्षेत्र समेटिने गरी छात्रवृत्ति दिनुपर्ने व्यवस्था छ । विदेशी शिक्षण संस्थाको सम्बन्धनमा उच्च शिक्षा सञ्चालन गर्ने शिक्षण संस्थाहरूमा राजश्व प्रयोजनका लागि पेस भएको विवरणअनुसार ८६ संस्थामा २२ हजार ४५३ विद्यार्थी रहेको र सोको १० प्रतिशतले हुने २ हजार २४५ जनालाई छात्रवृत्ति दिनुपर्नेमा उपलब्ध गराएको देखिएन । निर्देशिकाबमोजिम छात्रवृत्ति उपलब्ध गराउनुपर्दछ ।

१८.२. सरकारलाई विभिन्न विश्वविद्यालय एवं मित्रराष्ट्रहरूबाट प्राप्त हुने छात्रवृत्तिमा छनोट भएका विद्यार्थीहरूले अध्ययन अवधि समाप्त गरेपछि निश्चित समय सेवा गर्नेगरी कबुलियतनामा गराउने व्यवस्था भए पनि चिकित्सा शिक्षा बाहेक अन्यमा सो अनुसार कबुलियत गराउने र शिक्षा पूरा गरेपछि सेवा गराउने व्यवस्था मिलाएको छैन । मित्रराष्ट्रहरूबाट प्राप्त छात्रवृत्तिमा अध्ययन पूरा गरे पश्चात् स्वदेश फर्के नफर्केको अभिलेख राख्ने तथा सेवा गराउने दुवै कार्य भएको छैन ।

छात्रवृत्तिको अभिलेख परीक्षण गर्दा २०७१।७२ देखि २०७५।७६ सम्म छात्रवृत्ति प्राप्त गरी अध्ययन समाप्त गरेका विद्यार्थीहरू चिकित्सा सेवामा १ हजार ७१८, इन्जिनियरिङमा ६६, कृषि तथा पशु विज्ञानमा १६ र अन्यमा ४२ रहेका छन् । प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषदबाट प्राप्त छात्रवृत्तिको हकमा अभिलेखसमेत राखेको छैन ।

कार्यसम्पादनमा संघीय सरकारदेखि स्थानीय तहसम्म प्राविधिक जनशक्तिको रिक्तताले सेवा प्रवाहमा असर परेतापनि छात्रवृत्तिमा अध्ययन गरेका जनशक्तिलाई निश्चित अवधिको लागि सरकारले परिचालन गर्नसकेको छैन । जनशक्तिलाई व्यावहारिक ज्ञान र सार्वजनिक सेवा प्रवाहमा सहजता ल्याउन छात्रवृत्तिको अवसर प्राप्त गरेका विद्यार्थीलाई परिचालन गर्ने नीति बनाई कार्यान्वयनमा ल्याउनुपर्दछ ।

१९. **नवीकरण -** विदेशी शिक्षण संस्थाको सम्बन्धनमा उच्च शिक्षा सञ्चालन गर्ने सम्बन्धी निर्देशिका, २०५९ मा अनुमतिपत्र प्राप्त गरी सञ्चालनमा रहेका शिक्षण संस्थाले प्रति विद्यार्थी रू.१ हजार ५०० का दरले प्रत्येक वर्ष माघ मसान्तभित्र राजस्व दाखिला गरी अनुमति नवीकरण नगराएमा संस्थाको अनुमतिपत्र रद्द गरी धरौटी रकम जफत गर्नुपर्ने व्यवस्था छ । शिक्षण अनुमति प्राप्त गर्ने ८६ विदेशी शिक्षण संस्थामध्ये ८३ संस्थाले नवीकरणको लागि मन्त्रालयमा निवेदन गरेकोमा सो सम्बन्धमा अनुगमन गरी आवश्यक निर्णय गरेको छैन ।

शैक्षिक परामर्श तथा भाषा शिक्षण निर्देशिका, २०७३ मा भएको व्यवस्थाबमोजिम १ हजार ४७३ शैक्षिक परामर्श सेवा प्रदायक कम्पनी दर्ता भएकोमा संघ र प्रदेशको क्षेत्राधिकार स्पष्ट नभएकोले २०७५।४।१४ को सचिवस्तरीय निर्णयबाट नवीकरण र नयाँ दर्ता स्थगित भएको छ। ती कम्पनीहरूको नवीकरण वापत प्रतिवर्ष रू.४४ लाख १९ हजारका दरले ४ वर्षको रू.१ करोड ७६ लाख ७६ हजार प्राप्त हुनसकेको छैन । यस्ता संस्थाहरूले निरन्तर कारोबार गरिरहेको अवस्थामा अनुगमन गरी नवीकरण नगर्नेलाई कारबाहीसमेत गरेको छैन । निर्देशिकाको व्यवस्था अनुसार त्यस्ता संस्था नवीकरण गराउनुपर्दछ ।

२०. **वैदेशिक शैक्षिक कार्यक्रम -** नेपालका विश्वविद्यालयहरूले अन्तर्राष्ट्रिय मानक अनुसारका शैक्षिक कार्यक्रम सञ्चालन एवं जनशक्ति उत्पादन हुनेगरी पाठ्यक्रम एवं शैक्षिक कार्यक्रम सञ्चालन गर्न नसक्दा विदेशी विश्वविद्यालयबाट सम्बन्धन लिई नेपालमा सञ्चालित कलेज र विद्यार्थीको संख्यामा निरन्तर वृद्धि भई विदेशी मुद्रा पलायन भएको स्थिति छ । यस्तो रकम विद्यार्थीले नेपालको कलेजमा बुझाई कलेज मार्फत् विदेशका विश्वविद्यालय वा कलेजमा पठाउनुपर्नेमा विद्यार्थी मार्फत् विदेशी मध्यस्तकर्ताको खातामा रकम पठाउने (तेस्रो पक्षलाई भुक्तानी) प्रबन्ध नेपालका कलेजहरूले गरेका छन् । उल्लिखित अवस्थामा विश्वविद्यालय, कलेजले तोकेकोभन्दा बढी रकम तिर्न विद्यार्थी बाध्य भएको र मुलुकले यस प्रकारको सेवामा प्राप्त गर्ने मूल्य अभिवृद्धि कर सङ्कलनसमेत जोखिममा देखिएको छ ।

शिक्षण संस्थाको नवीकरण गर्दा अनौपचारिक माध्यमबाट रकम विदेश पठाएको, विदेशी पाठ्यक्रमको क्रेडिट आवर पुगे नपुगेको यकिन गर्नुपर्नेमा नवीकरण नै नगराई शैक्षिक संस्था सञ्चालन गर्न दिएको विषयमा छानबिन गरी यथार्थता यकिन गर्नुपर्दछ ।

२१. **छात्रा शिक्षा कोष -** छात्रा शिक्षा कोष कार्यान्वयन कार्यविधि, २०६२ मा सामुदायिक विद्यालयका कक्षा ११/१२ र विश्वविद्यालय तहमा अध्ययन गर्ने जेहेन्दार तथा विपन्न विद्यार्थीलाई छात्रवृत्ति उपलब्ध गराउने व्यवस्था छ । कोषमा रहेको रकम खर्च नभई यो वर्षसम्म रू.४६ करोड ८६ लाख ६९ हजार मौज्दात रहेकोले उक्त रकम सञ्चित कोष दाखिला गर्न गत विगत वर्षको प्रतिवेदनमा औंल्याएकोमा स्थिति यथावत् छ ।

२२. **एकीकृत सेवा आयोग -** विश्वविद्यालय र अन्तर्गतका आंगिक क्याम्पसहरूमा शिक्षक तथा कर्मचारी नियुक्तिको लागि प्रत्येक विश्वविद्यालयमा सेवा आयोग वा छनोट समिति रहेको छ । विश्वविद्यालयहरूले अध्यापन गराउने विषयको गुणस्तरीयता अभिवृद्धिको लागि अध्यापन गराउने शिक्षकसमेत योग्य हुनुपर्ने

र सोको लागि शिक्षक छनोट योग्यतामा आधारित हुनुपर्दछ । विश्वविद्यालयहरूको सेवा आयोगले समयमै विज्ञापन गरी नियमित रूपमा पदपूर्ति गर्न नसकेको एवं पदपूर्तिको क्रममा विवादसमेत आउने गरेको सन्दर्भमा सबै विश्वविद्यालय र स्वास्थ्य प्रतिष्ठानहरूमा शिक्षक तथा कर्मचारी पदपूर्तिको लागि एकीकृत सेवा आयोगको व्यवस्था गरी पदपूर्ति गर्ने व्यवस्था गर्नुपर्दछ ।

विद्यालय शिक्षातर्फ विद्यालयमा अध्यापन गर्ने शिक्षकहरू शिक्षक सेवा आयोगबाट सञ्चालन हुने शिक्षक अनुमतिपत्र परीक्षामा उत्तीर्ण हुनुपर्ने व्यवस्था छ । विश्वविद्यालय र अन्तर्गतका क्याम्पसमा अध्यापन गर्ने शिक्षकहरूको लागि योग्यता परीक्षामा छनोट हुनुपर्ने व्यवस्था नभएका कारण विश्वविद्यालयले प्रदान गर्ने शिक्षाको गुणस्तरमा पर्ने असर मूल्याङ्कन भएको छैन । राष्ट्रिय योग्यता परीक्षा वा यस्तै प्रकारका अन्य योग्यता परीक्षाको व्यवस्था गर्ने र सो परीक्षामा उत्तीर्ण उम्मेदवार मात्र विश्वविद्यालय र अन्तर्गतका क्याम्पसमा अध्यापन गराउनको लागि योग्य हुने व्यवस्था गर्नुपर्दछ ।

२३. **शोधग्रन्थ परीक्षण -** विश्वविद्यालय अनुदान आयोगले जारी गरेको विद्यावारिधि उपाधिको लागि न्यूनतम मापदण्ड तथा कार्यविधि २०७३ को बुँदा ४.२ मा शोधग्रन्थलाई सम्बन्धित विश्वविद्यालयले अन्तिम स्वीकृति दिनु पूर्व शोध प्रबन्धकले विश्वविद्यालय वा आयोगले व्यवस्था गरेबमोजिमको परीक्षामा उत्तीर्ण हुनुपर्ने उल्लेख छ । अन्तर्राष्ट्रिय असल अभ्यासको मूल्याङ्कन गर्दा १० प्रतिशतसम्म साभार भएको शोधग्रन्थलाई मान्यता दिएकोमा नेपालमा २५ प्रतिशतसम्म कायम गरेको देखिन्छ। आयोगले जारी गरेको कार्यविधिमा सो सम्बन्धी कुनै व्यवस्था नभएको र विश्वविद्यालय एवं आयोगमा चोरी परीक्षण गर्ने भरपर्दो व्यवस्था स्थापित हुनसकेको देखिँदैन । विश्वविद्यालय स्थापनाको उद्देश्य र सञ्चालित कार्यक्रमलाई मध्यनजर राखेर भौतिक तथा मानवीय स्रोत (शोध निर्देशन दिने प्राध्यापक) को विश्लेषण गर्दै विषयगत क्षेत्रमा मात्र विद्यावारिधि कार्यक्रम चलाउनुपर्नेमा सो विषयको विश्लेषण भएको छैन। यस सम्बन्धमा विश्वविद्यालय अनुदान आयोग एवं मन्त्रालयले नीतिगत सम्बोधन गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

२४. **विज्ञान तथा प्रविधि -** इन्टरनेटको सहजतासँगै सरकारी सेवाहरूलाई डिजिटल मैत्री प्रविधिमा रुपान्तरण गर्न सरकारका विभिन्न निकायले विभिन्न एप्लिकेशन विकास गरी प्रयोगमा ल्याएका छन्। स्वास्थ्यसम्बन्धी जानकारी गराउन हाम्रो स्वास्थ्य, करदाताको सूचनाको लागि आईआरडी एप, भन्सार सूचनाको लागि नेपाल कष्टम, कानुनसम्बन्धी जानकारीको लागि नेपाल ल एप, खरिदसम्बन्धी सूचनाको लागि ई.जी.पी.एप, वैदेशिक रोजगारीको लागि नेपाल काउन्सिलर, भिसासम्बन्धी जानकारीको लागि इमिग्रेशन एप, स्थानीय तहको जानकारीको लागि स्थानीय एप प्रयोगमा ल्याएका छन् । सरकारले बेरा भर्सनमा नागरिक एप्स पनि सञ्चालन गरेको छ । यसरी विभिन्न एप्लिकेसन डाउन लोड गरी युजर आई.डी.र पास वर्ड प्रयोग गर्नु पर्दा नागरिक सेवामा सहजता आएको छैन। एकल नागरिक एप्सबाट सबैमा पहुँच हुने नीतिगत निर्णय हुनसकेको छैन। सबै सरोकारवाला निकायसँग समन्वय गरी एकल नागरिक एप्सबाट यस्ता सूचनामा पहुँच हुने व्यवस्था मिलाउनुपर्दछ।

२५. **पाठ्यक्रम तर्जुमा, परिमार्जन र कार्यान्वयन -** बदलिँदो आन्तरिक तथा विश्वपरिवेश र उत्पादित जनशक्तिले बजारको मागलाई सम्बोधन गर्नसक्ने गरी विश्वविद्यालयले पाठ्यक्रम तर्जुमा परिमार्जन र कार्यान्वयन गर्नुपर्दछ । विश्वविद्यालयहरूबाट विभिन्न संकायमा अध्यापन हुने विषयहरूको पाठ्यक्रम तर्जुमा गर्दा राष्ट्रिय शिक्षा नीति र आवधिक योजनामा उल्लेख भएका उच्च शिक्षासम्बन्धी उद्देश्य नीति र रणनीति

सम्बोधन हुने गरी पाठ्यक्रम तर्जुमा नभएको, पाठ्यक्रम तर्जुमा गर्दा विषयवस्तु केन्द्रित, विद्यार्थी केन्द्रित र समस्या केन्द्रित पाठ्यक्रमविधिलाई उपयुक्त सन्तुलन गर्न नसकेको, बहुविश्वविद्यालय अवधारणा बमोजिम उच्च शिक्षाले समेट्नुपर्ने विषय, पाठ्यभार, पाठ्पुस्तकको मानकीकरण एवम् पाठ्यक्रम परिमार्जनको आधार संरचना तयार नभएको, विश्वविद्यालयमा अध्यापन हुँदै आएका उच्च शिक्षाका पाठ्यक्रमहरुमा सामञ्जस्यता नभएको, माध्यमिक शिक्षा र उच्च शिक्षाबीच आवद्धता हुने गरी पाठ्यक्रम तर्जुमा नभएको, एवं पाठ्यक्रम तर्जुमा गर्दा अनुसन्धात्मक प्रक्रिया अवलबम्बन नभएको अवस्था देखिन्छ।

विश्वविद्यालयले लागू गरेका पाठ्यक्रम त्यसको व्यावहारिक उपयोग, सान्दर्भिकता र विषय परिवेशमा आएको परिवर्तन अनुरूप समयमै परिमार्जन गर्न सबै विश्वविद्यालय र मातहतका संकाय र विषयगत समितिहरू अग्रसर नभएको, विश्वविद्यालयहरुले लागू गरेका कार्यक्रमहरुमा विद्यार्थीको रुचि र समाजको माग सम्बोधन हुन नसक्दा विद्यार्थी संख्या न्यून हुँदै गएको छ । विश्वव्यापी रूपमा आएका शैक्षिक परिवर्तनलाई स्थानीय आवश्यकता अनुरूप आन्तरिकीकरण गर्न विषय समिति तथा अभ्यासकर्ता र अनुसन्धान निकाय निरन्तर ज्ञान निर्माणमा क्रियाशील हुन नसकेका लगायतका कारण आवश्यकता अनुसार पाठ्यक्रम परिमार्जन हुन सकेको छैन ।

पाठ्यक्रम कार्यान्वयनका सैद्धान्तिक कक्षा, मामिला अध्ययन, फिल्ड कार्य, समुदाय कार्य, आयोजना कार्य, प्रस्ताव तयारी, प्रयोगशाला कार्य र प्रस्तुति लगायतका विधि सन्तुलित र व्यावहारिक रुपमा लागू नभएको लगायतका कारण पाठ्यक्रम कार्यान्वयनको स्थिति कमजोर रहेको छ । समाजिक, आर्थिक रुपान्तरणका लागि शिक्षामार्फत सिर्जनशील, दक्ष, प्रतिस्पर्धी, उत्पादशील र नवप्रवर्तनमुखी मानव स्रोतको विकास गर्न पाठ्यक्रम समेत सोहीबमोजिम तयार गरी कार्यान्वयनमा ल्याउनुपर्दछ ।

## शिक्षा तथा मानव स्रोत विकास केन्द्र

नेपाल सरकार मन्त्रिपरिषद्को २०७५।२।६ को निर्णयानुसार साविकको शिक्षा विभाग, शैक्षिक जनशक्ति विकास केन्द्र र अनौपचारिक शिक्षा केन्द्रलाई गाभेर शिक्षा तथा मानव स्रोत विकास केन्द्र स्थापना भएको हो । केन्द्रको मुख्य कार्य विद्यालय शिक्षा, अनौपचारिक शिक्षा र शैक्षिक जनशक्ति विकासलगायत विद्यालय शिक्षाको वार्षिक योजना तर्जुमा, कार्यान्वयन र व्यवस्थापन गर्ने रहेको छ।

२६. **न्यून प्रगति -** यो वर्ष मुल ५ कार्यक्रमको लागि रू.३ अर्ब ४८ करोड २७ लाख ४८ हजार विनियोजन भएको छ । स्वीकृत कार्यक्रममध्ये नेतृत्व क्षमता विकास तालिम, प्रारम्भिक पढाई सीप कार्यक्रम, भर्ना अभियान सञ्चालन, अंग्रेजी, गणित र विज्ञान विषयमा शिक्षण स्वयंसेवक सेवा परिचालन, खुला विद्यालय सञ्चालनलगायतका १७ कार्यक्रम सञ्चालन नभएको, ४ कार्यक्रममा रू.४८ करोड ९९ लाख ४३ हजार (१५.७६ प्रतिशत) र विद्यालय क्षेत्र विकास कार्यक्रममा विनियोजित रू.२ अर्ब ४६ करोड ७६ लाखमध्ये रू.३१ करोड २३ लाख ४८ हजार (१२.६६ प्रतिशत) मात्र खर्च भएको छ । बजेटमा तोकिएको कार्यक्रम यथासमयमा सञ्चालन गर्नुपर्दछ।

२७. **विद्यालय र विद्यार्थी संख्या -** यो वर्षको तथ्याङ्क अनुसार पूर्व प्राथमिक, आधारभूत र माध्यमिक तहका ३५ हजार ६७४ विद्यालयमा ८३ लाख ३५ हजार विद्यार्थी अध्यनरत रहेका छन् । ती विद्यालयहरूमा

कार्यरत शिक्षकको संख्या ३ लाख ६३ हजार रहेको छ । तहगत रूपमा सामुदायिक, संस्थागत र धार्मिक विद्यालयमा अध्ययनरत विद्यार्थी, शिक्षक र विद्यालयको अनुपात देहायअनुसार छन्:

| विवरण | विद्यालयको प्रकार | बाल विकास/पूर्व प्राथमिक विद्यालय | आधारभूत विद्यालय (कक्षा १-८) | माध्यमिक विद्यालय (कक्षा ९-१२) | कुल जम्मा |
|---|---|---|---|---|---|
| **विद्यालय संख्या** | सामुदायिक | ३०१२६ | २७६८४ | ७४१८ | २७८१२ |
| | संस्थागत | ६५४३ | ६४९० | ३७६३ | ६७३२ |
| | धार्मिक | ४६१ | १२३४ | ५० | ११३० |
| | **जम्मा** | **३७१३०** | **३५४०८** | **११२३१** | **३५६७४** |
| | **सामुदायिकको प्रतिशत** | **८१.१३** | **७८.१८** | **६६.०५** | **७७.९६** |
| | **संस्थागतको प्रतिशत** | **१७.६२** | **१८.३३** | **३३.५०** | **१८.८७** |
| | **धार्मिकको प्रतिशत** | **१.२५** | **३.४९** | **०.४५** | **३.१७** |
| **विद्यार्थी संख्या** | सामुदायिक | ५९३९१४ | ४००९५२० | १३२६३२३ | ५९२९७५७ |
| | संस्थागत | ५३६६०७ | १३२९४३३ | ४१८७१३ | २२८४७५३ |
| | धार्मिक | ९७३४ | १०८३४० | १९१८ | ११९९९२ |
| | **जम्मा** | **११४०२५५** | **५४४७२९३** | **१७४६९५४** | **८३३४५०२** |
| | **सामुदायिकको प्रतिशत** | **५२.०८** | **७३.६०** | **७५.९२** | **७१.१४** |
| | **संस्थागतको प्रतिशत** | **४७.०६** | **२४.४०** | **२३.९६** | **२७.४१** |
| | **धार्मिकको प्रतिशत** | **०.८६** | **१.८०** | **०.१२** | **१.४५** |
| **शिक्षक संख्या** | सामुदायिक(कुल शिक्षक संख्या) | ६००४१ | १५२६८१ | ३४७४५ | २७४४६७ |
| | संस्थागत | १८१६७ | ६८४७२ | २६८६७ | ११३५०६ |
| | धार्मिक | ४५२ | १४३४ | ३५२ | २२३८ |
| | **जम्मा** | **७८६६०** | **२२२५८७** | **६१९६४** | **३६३२११** |
| | **सामुदायिकको प्रतिशत** | ७६.३३ | ८१.८८ | ७५.०२ | **८०.००** |
| | **संस्थागतको प्रतिशत** | २३.०९ | १७.६७ | २४.८६ | **१९.५९** |
| **प्रति विद्यालय विद्यार्थीको अनुपात** | सामुदायिक | २० | १४३ | १७९ | १९२ |
| | संस्थागत | ८२ | २०५ | १११ | २६० |
| | धार्मिक | २१ | ८८ | ३८ | ९८ |

उल्लिखित तालिकाअनुसार विद्यालय, विद्यार्थी र शिक्षकको कुल संख्यामध्ये सामुदायिकतर्फ विद्यालयको हिस्सा ७७.९६ प्रतिशत, विद्यार्थीको हिस्सा ७१.१४ प्रतिशत र शिक्षकको हिस्सा ८० प्रतिशत तथा संस्थागततर्फ विद्यालय १८.८७ प्रतिशत, विद्यार्थी २७.४१ प्रतिशत र शिक्षक १९.५९ प्रतिशत रहेको छ ।उक्त तथ्याङ्कअनुसार पूर्व प्राथमिकदेखि माध्यमिक तहसम्म प्रति विद्यालयमा विद्यार्थी संख्या सामुदायिकमा १९२, संस्थागतमा २६० र धार्मिकमा ९८ रहेको छ । सामुदायिक विद्यालयको विद्यार्थी शिक्षक अनुपातको आधारमा शिक्षकको व्यवस्थापन गर्नुपर्ने तथा संस्थागत र सामुदायिक विद्यालयबीच शैक्षिक कार्यहरूमा सह-सम्बन्ध कायम गरी शैक्षिक गुणस्तरमा सामञ्जस्यता ल्याउन स्पष्ट नीति ल्याई कार्यान्वयन गर्नुपर्दछ।

२८. **विद्यार्थी भर्ना -** नेपाल सरकारले सबै बालबालिकालाई शिक्षामा पहुँच सुनिश्चित गर्ने र माध्यमिक तहसम्मको शिक्षा अनिवार्य र निःशुल्क गर्न अनिवार्य तथा निःशुल्क शिक्षासम्बन्धी ऐन, २०७५

कार्यान्वयनमा ल्याएको छ । विद्यालय जाने सबै उमेर समूहका बालबालिकालाई विद्यालय भर्ना गरी निःशुल्क शिक्षा उपलब्ध गराउन निःशुल्क पाठ्यपुस्तक, छात्रवृत्ति, दिवा खाजालगायतका कार्यक्रममा बर्षेनी खर्च बढाउँदै लगेको छ । शैक्षिक सूचना व्यवस्थापन प्रणालीको प्रतिवेदन अनुसार विगत ६ वर्षको आधारभूत तहको विद्यालयमा विद्यार्थी भर्नाको अवस्था देहायअनुसार छः

(संख्या हजारमा)

| वर्ष | कक्षा १—५ को विद्यार्थीको संख्या | | कक्षा ६-८ को विद्यार्थीको संख्या | | आधारभूत विद्यालयको जम्मा विद्यार्थी संख्या | | | सामुदायिकको प्रतिशत | संस्थागतको प्रतिशत |
|---|---|---|---|---|---|---|---|---|---|
| | सामुदायिक | संस्थागत | सामुदायिक | संस्थागत | सामुदायिक | संस्थागत | जम्मा | | |
| २०७२ | ३६११ | ६५४ | १५६२ | ३०१ | ५१७३ | ९५५ | ६१२८ | ८४.४० | १५.६० |
| २०७३ | ३४५० | ६८५ | १५४० | ३१९२ | ४९९० | १००५ | ५९९५ | ८३.२४ | १६.७६ |
| २०७४ | ३३१२ | ६५८ | १५४५ | ३२२ | ४८५७ | ९८० | ५८३७ | ८३.२१ | १६.७९ |
| २०७५ | २७९३ | ९३७ | १३९४ | ४३१ | ४१८७ | १३६९ | ५५५५ | ७५.४० | २४.६० |
| २०७६ | २४७९ | १०५५ | १३१५ | ४५७ | ३७९५ | १५१२ | ५३०७ | ७१.५० | २८.५० |
| २०७७ | २६८८ | ८३४ | १३८१ | ४३५ | ४०६९ | १२६९ | ५३३९ | ७६.२० | २३.८० |

उल्लिखित तथ्याङ्क विश्लेषण गर्दा आधारभूत तह (कक्षा १ देखि ८ सम्म) मा कुल विद्यार्थी भर्ना संख्या वर्षेनी घट्दै गएको र शैक्षिक वर्ष २०७७ मा भर्ना भएका विद्यार्थीमध्ये २३.८० प्रतिशत संस्थागत विद्यालयमा भर्ना भएका छन् । शैक्षिक वर्ष २०७२ को तुलनामा २०७७ मा कुल विद्यार्थी संख्या १२.८७ प्रतिशतले घटेको मध्ये सामुदायिक विद्यालयमा २१.३४ प्रतिशतले घटेको र संस्थागत विद्यालयमा ३२.८८ प्रतिशतले बढेको देखिन्छ । सबै बालबालिकालाई विद्यालयमा भर्ना अनिवार्य र निःशुल्क शिक्षाको लागि शिक्षा क्षेत्रमा सरकारी अनुदान बर्सेनि बढेको छ । सामुदायिक विद्यालयहरूमा अपेक्षित रूपमा शैक्षिक गुणस्तर सुधार हुन नसकेका कारण विद्यार्थीको आकर्षण घटेको अवस्था छ । सबैलाई अनिवार्य शिक्षा र माध्यमिक तहसम्म निःशुल्क शिक्षाको कार्यक्रम सफल बनाउन सामुदायिक विद्यालयको शैक्षिक गुणस्तरमा सुधार ल्याउनुपर्दछ।

२९. **विपन्न लक्षित छात्रवृत्ति** - विद्यालय छात्रवृत्ति व्यवस्थापन निर्देशिका, २०७४ मा विज्ञान विषय अध्ययन गर्ने विपन्न वर्गका छात्रछात्रालाई वार्षिक रू.२४ हजार र अन्य विषय अध्ययन गर्नेलाई रू.१८ हजारका दरले छात्रवृत्ति वितरण गर्ने व्यवस्था छ । यो वर्ष विपन्न लक्षित छात्रवृत्ति कार्यक्रम सञ्चालन गर्न कक्षा ९ र १० का १४ हजार ५००, कक्षा ११ र १२ का ४६ हजार समेत ६० हजार ५०० विपन्न विद्यार्थी छनोट भए तापनि विज्ञान विषय अध्ययन गर्ने ३७४ र अन्य विषय अध्ययन गर्ने १२ हजार १२५ समेत १२ हजार ४९९ (२०.६६ प्रतिशत) लाई मात्र छात्रवृत्ति बापत रू.१८ करोड ८६ लाख वितरण गरेको छ । छात्रवृत्ति छनोटसम्बन्धी कार्यविधिमा पुनरावलोकन गरी विपन्न लक्षित कार्यक्रम प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्दछ।

३०. **अनलाइन डाटा** - केन्द्रले कोभिड-१९ को महामारीमा उच्च शिक्षा अध्ययनरत विपन्न विद्यार्थीहरूको समतामूलक पहुँच तथा निरन्तर शिक्षामा सहयोग पुऱ्याउन सामुदायिक विद्यालयबाट कक्षा १२ उत्तीर्ण गरी स्नातक तहमा अध्ययनरत विपन्न वर्गका विद्यार्थीहरूलाई वित्तीय सहयोग कार्यक्रमबाट अनलाइन डाटा उपलब्ध गराउने निर्णय गरेको छ । सोही निर्णयबमोजिम अनलाइनबाट विद्यार्थीहरूसँग आवेदन माग गरी छनोट भएका विद्यार्थीलाई डाटा ट्रान्सफर गर्न एक सेवा प्रदायकसँग सम्झौता गरी नेपाल

टेलिकमबाट २ हजार ५० विद्यार्थीहरूको लागि रू.३ हजारको दरले, एनसेलबाट ९ सय ३५ विद्यार्थीको लागि रू.५ सय तथा स्मार्ट सेलबाट १२ विद्यार्थीको लागि समेत ३ हजार विद्यार्थीको लागि डाटा ट्रान्सफरबापत यस वर्ष रू.६० लाख ४० हजार भुक्तानी गरेको छ । प्रतिस्पर्धात्मक खरिद विधि अवलम्बन नगरेको एवं २ हजार ९९७ अर्थात् ४.९५ प्रतिशत विद्यार्थीलाई मात्र यो सुविधा उपलब्ध गराएकोले कार्यक्रमको प्रभावकारिता देखिएन । अधिकतम विद्यार्थी सहभागी गराई कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

३१. **शुल्क अनुगमन -** शिक्षा नियमावली, २०५९ मा संस्थागत विद्यालयहरूले विद्यार्थीबाट लिने शुल्क सम्बन्धमा शिक्षा तथा मानव स्रोत विकास केन्द्रबाट अनुगमन गर्ने व्यवस्था छ । मन्त्रालयले संस्थागत विद्यालय शुल्क अनुगमन कार्यदल गठन गरेको र उक्त कार्यदलले उपत्यकाका १८ संस्थागत विद्यालयले लिने गरेका शुल्कको अनुगमन गरी २०७५।३।१९ मा प्रतिवेदन पेस गरेको देखिन्छ । उक्त प्रतिवेदनमा शुल्कसम्बन्धी सुझावहरू र मापदण्ड पूरा नगरेका विद्यालयहरूलाई कारबाही गर्नुपर्ने व्यहोरा उल्लेख भएकोमा ३ वर्षसम्म पनि उक्त प्रतिवेदन कार्यान्वयन भएको देखिएन। सो सम्बन्धमा यो वर्ष कुनै पनि विद्यालयको अनुगमन गरेको देखिएन । संस्थागत विद्यालयको शुल्क निर्धारण सम्बन्धमा नियमित अनुगमन गरी कानुन विपरीत शुल्क लिने विद्यालयलाई कारबाहीको दायरामा ल्याउनुपर्दछ ।

३२. **संगठन संरचना -** संवैधानिक व्यवस्था अनुसार आधारभूत र माध्यमिक तहको शिक्षाको जिम्मेवारी स्थानीय तहको अधिकारको सूची अन्तर्गत रहेको छ । सो अनुसार विद्यालयका शिक्षकको तालिम प्रदेश सरकारबाट र अनुगमन लगायतका कार्य स्थानीय तहबाट भइरहेका छन् । यो मन्त्रालय अन्तर्गत ७७ जिल्लाका शिक्षा विकास तथा समन्वय इकाईमध्ये ६ जिल्लामा ९, ३५ जिल्लामा ८, २८ जिल्लामा ६ र ८ जिल्लामा ५ कर्मचारीको दरबन्दी स्वीकृत भएको छ । विद्यालयतहको अनुगमन मूल्याङ्कन लगायतका कार्य गर्न स्थानीय तहमा छुट्टै इकाई रहेको छ । हालको सांगठनिक अवस्था तथा संघ, प्रदेश र स्थानीय तहबीच समन्वयको अभावमा संघीय सरकारलाई आवश्यक पर्ने शिक्षासम्बन्धी सूचना, तथ्याङ्क, बजेट लगायतका विषयमा स्थानीय तहबाट जानकारी प्राप्त गर्ने कार्यमा सहजता आएको छैन। संघीयता कार्यान्वयनमा आइसकेको भएतापनि संघीय सरकारको प्रत्यक्ष समन्वयकारी निकाय, अन्तर स्थानीय निकाय समन्वय, संघीय सरकारको विशिष्टीकृत सेवा उपलब्ध गराउने कार्यमा हुने अन्यौलता हटाउन यस्तो संरचनाको पुनरावलोकन हुनुपर्दछ।

३३. **नमूना विद्यालय** - नमूना विद्यालय विकास एवं कार्यक्रम सञ्चालन निर्देशिका, २०७४ अनुसार विद्यालयमा आवासीय सुविधा, पुस्तकालय, खेलमैदान, वैकल्पिक विद्युतीय व्यवस्था, घेराबारा तथा बगैंचा, प्रशासकीय भवन, शिक्षण भवन तथा कक्षाकोठा, प्रयोगशाला, खानेपानी तथा सरसफाई लगायतका कार्य गर्न छनोटमा परेका विद्यालयहरूमा नमूना विद्यालय घोषणा भई कार्यान्वयनमा रहेको छ । देशभर २७ हजार ८१२ सामुदायिक विद्यालय मध्ये ४२२ विद्यालयलाई नमूना विद्यालय कार्यक्रम सञ्चालनको लागि स्थानीय तहमार्फत् गत वर्ष सम्म रू.३ अर्ब ८८ करोड ३६ लाख उपलब्ध गराएकोमा यस वर्ष रू.४ अर्ब ६४ करोड समेत रू.८ अर्ब ५२ करोड ३६ लाख उपलब्ध गराएको छ । उल्लिखित सुविधाहरू सबै विद्यालयमा आवश्यक पर्ने अवस्थामा ४२२ अर्थात् १.५१ प्रतिशत विद्यालय मात्र छनोटमा परेकोले न्यून विद्यालय समेटेको छ । केन्द्रले विद्यालय छनोटको पारदर्शी मापदण्ड नबनाएको र अनुदान प्रदान

गरेको रकमबाट तोकिएबमोजिम खर्च भएका कार्यको प्रगति विवरण प्राप्त गरी एकीकृत विवरण तयार गरेको देखिएन । अतः वितरित अनुदानको पूर्ण उपयोगको सम्बन्धमा सुनिश्चितता गर्नुपर्दछ ।

## पाठ्यक्रम विकास केन्द्र

शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय अन्तर्गत विद्यालय शिक्षाको पाठ्यपुस्तक एवं अन्य शैक्षिक सामग्रीको विकास, परिमार्जन तथा सुधार गरी शिक्षाको राष्ट्रिय उद्देश्य प्राप्तिमा ठोस सहयोग पुऱ्याउन केन्द्रको स्थापना भएको हो।

३४. **पाठ्यपुस्तक तर्जुमा** - नेपाल सरकारले एक स्थानीय तहमा एक प्राविधिक धारका विद्यालय स्थापना गर्ने नीति अनुसार यो वर्षसम्म २७८ विद्यालयमा प्राविधिक धारको विद्यालय सञ्चालनमा ल्याएको छ। कक्षा ९ देखि १२ सम्म लागू भएको प्राविधिक धारको लागि विभिन्न विषयका १५० भन्दा बढी पाठ्यक्रम लागू भएकोमा पाठ्यक्रमबमोजिमका पाठ्यपुस्तक निर्माण भएको छैन । यसैगरी साधारणतर्फ कक्षा ११ र १२ को ऐच्छिक विषयको पाठ्यपुस्तक समेत नभएको स्थिति छ । पाठ्यक्रम विकास केन्द्रले यो वर्ष पाठ्यक्रम तथा पाठ्यपुस्तक तर्जुमा कार्यमा रू.१० करोड ५३ लाख १५ हजार खर्च गरेकोमध्ये बैठक भत्तामा मात्र रू.६ करोड ६ लाख २९ हजार खर्च गरेको छ । अत्यावश्यक पाठ्यक्रम र पाठ्यपुस्तक तर्जुमा नभएको अवस्थामा यस्तो खर्चमा नियन्त्रण भएको छैन । पाठ्यपुस्तकको अभावमा सम्बन्धित विषयको पठनपाठनमा असर गर्ने भएकोले विद्यालय शिक्षाका सबै विषयहरूमा पाठ्यपुस्तक निर्माण गरी विद्यार्थीको सिकाइ प्रक्रियालाई सरल बनाउनुपर्दछ ।

३५. **सामग्री मौज्दात** - सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ३ मा सामान खरिद गर्नु अगावै खरिद आवश्यकताको पहिचान गरी परिमाण यकिन गर्नुपर्ने व्यवस्था छ । केन्द्रको जिन्सी निरीक्षण प्रतिवेदन अनुसार रू.९८ लाख ८७ हजार मूल्यका विभिन्न मातृभाषाका २६१ प्रकारका १ लाख ४४ हजार थान पाठ्यपुस्तक तथा पाठ्य सामग्री मौज्दात रहेको देखिन्छ । आवश्यकताको पहिचान नगरी छपाई तथा खरिद गर्दा वर्षेनी मौज्दात बढ्दै गएको छ । मौज्दातमा रहेकामध्ये कतिपय पाठ्य पुस्तक हाल असान्दर्भिक भई उपयोग हुन नसक्ने अवस्था छ ।आवश्यकता र उपयोग सुनिश्चत हुनेगरी खरिद तथा छपाइ कार्य गर्नुपर्दछ ।

## चिकित्सा शिक्षा आयोग

शिक्षण संस्थाको नियमन गर्न तथा चिकित्सा शिक्षालाई गुणस्तरीय बनाउनको लागि आयोगको स्थापना भएको हो ।

३६. **विद्यार्थी भर्ना** - राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा १७ मा आयोगले प्रत्येक वर्ष शिक्षण संस्थाको लागि निश्चित सीट संख्या तोक्ने र प्रवेश परीक्षाबाट छनोट भएका विद्यार्थीलाई म्याचिङ प्रणाली अनुरूप भर्ना गर्नुपर्ने उल्लेख छ । यो वर्ष स्नातक तहतर्फ विभिन्न १३ कार्यक्रमको लागि मेडिकल र प्यारा मेडिकल समेत निर्धारित ८ हजार २५१ सीटको लागि ३२ हजार ६६९ विद्यार्थी प्रवेश परीक्षामा सामेल भई ९ हजार ९५४ उत्तीर्णमध्ये ४ हजार ३२८ अध्ययनको लागि भर्ना भएको देखिन्छ। यसैगरी स्नातकोत्तर तहतर्फ विभिन्न ११ कार्यक्रमको लागि स्वीकृत १ हजार ५६५ सिटको लागि ७ हजार ६८३ विद्यार्थी प्रवेश परीक्षामा सामेल भई ३ हजार ८३९ उत्तीर्णमध्ये १ हजार ३६७ अध्ययनको

लागि भर्ना भएको देखिन्छ । प्रवेश परीक्षा दिने र उत्तीर्ण हुनेको संख्या उल्लेख्य भएतापनि आयोगले निर्धारण गरेको सीटमध्ये स्नातक तहमा ३ हजार ९२३ र स्नातकोत्तर तहमा १९८ सिटमा विद्यार्थी भर्ना नभएको कारण ती सीट खेर गएको देखिन्छ । विभिन्न कार्यक्रमको लागि निर्धारित सीटमा विद्यार्थी भर्ना नहुनाको कारण पहिचान गरी आवश्यक सुधार गर्नुपर्दछ ।

३७. **छात्रवृत्ति तथा निःशुल्क शिक्षण -** राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा १७ को उपदफा ७ र ८ मा सार्वजनिक शिक्षण संस्थाले स्नातक तहको कार्यक्रममा उपलब्ध सीट संख्याको कम्तीमा ७५ प्रतिशत सिट निःशुल्क छात्रवृत्तिको लागि व्यवस्था गर्नुपर्ने र सोबापत नेपाल सरकारले शिक्षण संस्थालाई एकमुष्ट अनुदान प्रदान गर्ने उल्लेख छ । आयोगले यो वर्ष अनुदानबापत विभिन्न ११ शिक्षण संस्थालाई रू.३६ करोड ९६ लाख ८२ हजार अनुदान प्रदान गरेको छ ।

सोही ऐनको दफा १८ को उपदफा २ख मा सार्वजनिक शिक्षण संस्थामा स्नातकोत्तर तहतर्फ आधारभूत चिकित्सा विज्ञान वा क्लिनिकल विधा (मेडिकल तथा डेण्टल) अध्ययन गर्दा नेपाली विद्यार्थीबाट शिक्षण शुल्क नलिने व्यवस्था छ । सोही व्यवस्थाबमोजिम उक्त तहको अध्ययन हुँदै आएकोमा स्नातक तहमा जस्तै आयोगमार्फत् अनुदान जाने व्यवस्था नभएकोले यसरी निःशुल्क शिक्षण गराएबापत पर्न गएको लागत यकिन हुनसक्ने अवस्था देखिएन ।

३८. **शिक्षण शुल्क -** राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा १८ बमोजिम २०७७।१०।९ मा २०७६।७७ र २०७७।७८ को लागि स्नातक तहतर्फ १३ र स्नातकोत्तर तहतर्फ १८ कार्यक्रमको शुल्क निर्धारण गरेको देखिन्छ । आयोगले निर्धारण गरेको शुल्कअनुसार एमबीबीएसतर्फ उपत्यकाभित्र रू.४० लाख २३ हजार र उपत्यका बाहिर रू.४४ लाख ३६ हजार रहेको छ ।

ऐनको दफा २क. मा शिक्षण शुल्क भन्नाले शिक्षण संस्थाले चिकित्सा शिक्षाको अवधिभरमा लिने भर्ना, शिक्षण, ल्याब, पुस्तकालय, सामुदायिक तालिम वा परीक्षा शुल्क सम्झनु पर्ने र सो शब्दले आयोगको स्वीकृतिमा शिक्षण संस्थाले लिने अन्य शुल्कलाई समेत जनाउने उल्लेख छ । शिक्षण संस्थामा भर्ना भएका विद्यार्थीसँग शिक्षण संस्थाले विश्वविद्यालय रजिष्ट्रेसन शुल्क, आन्तरिक तथा विश्वविद्यालय परीक्षा शुल्क, फरेन्सिक पोष्टिङ, फिल्ड भिजिट, इन्टर्नशीप शुल्क, आवेदन शुल्क, सम्बन्धन शुल्क, काउन्सिल रजिष्ट्रेसन शुल्कलगायतका शीर्षकमा अतिरिक्त शुल्क लिएको भनी आयोगमा समेत निवेदन गरेको सन्दर्भमा आयोगले २०७८।९।५ मा विज्ञप्ति जारी गरी यस्ता अतिरिक्त शीर्षकहरू शैक्षिक क्रियाकलापजन्य शुल्क समेत समावेश हुने भएकोले थप शुल्क नलाग्ने एवं होस्टल, मेसलगायतका शुल्क ऐच्छिक हुने जनाएको छ । उल्लिखित अवस्थाबाट चिकित्सा शिक्षा विशेषत एम.बी.बी.एस.तर्फ शैक्षिक संस्थाहरूले अतिरिक्त शुल्क माग गरेको देखिन्छ ।

मेडिकल कलेजहरूले नियम विपरीत शुल्क लिएको सम्बन्धी उजुरीमा राष्ट्रिय सतर्कता केन्द्रले छानबिन गरी तयार गरेको प्रतिवेदनमा विभिन्न १२ मेडिकल कलेजले प्रति विद्यार्थी प्रत्येक शैक्षिक वर्षमा २ देखि २५ लाखसम्म अतिरिक्त शुल्क उठाएकोले सोसम्बन्धी प्रतिवेदन तयार गरी कारबाहीको लागि सम्बन्धित निकायमा पठाउन २०७६।७।७ मा निर्णय गरेकोमा सो प्रतिवेदनको कार्यान्वयन भएको

छैन । नियामक निकायको रूपमा रहेको आयोगले यस सम्बन्धमा सक्रियता अपनाई ऐनको दफा १४ बमोजिम कारबाही गरी चिकित्सा शिक्षा शुल्कमा देखापर्ने समस्याको समयमा नै समाधान गर्नुपर्दछ ।

३९. **एकीकृत प्रवेश परीक्षा -** राष्ट्रिय चिकित्सा शिक्षा ऐन, २०७५ को दफा ६(ग) बमोजिम आयोगले एकीकृत प्रवेश परीक्षा सञ्चालन गर्दै आएको छ । यो वर्ष स्नातक र स्नातकोत्तर तहको एकीकृत परीक्षा सञ्चलानमा रू.८१ लाख १० हजार र रू.६२ लाख १० हजार खर्च भएको देखिन्छ । विभिन्न तहको एकीकृत प्रवेश परीक्षाको लागि पर्याप्त मात्रामा विज्ञ रोष्टर सूचीकृत हुन नआएको, प्रश्नपत्र बैङ्क तयार गरेर छनोट गर्ने संयन्त्र नबनाएको, परीक्षा प्रणालीबारे परीक्षार्थीलाई जानकारी हुने सूचना सम्प्रेषण नगरेको एवं प्रवेश परीक्षामा फेस रिडर समेतको बायोमेट्रिक प्रणाली लागू नभएको लगायतको स्थिति देखिएको छ । परीक्षा प्रणालीलाई व्यवस्थित र समय सापेक्ष बनाउन आवश्यक सुधार गर्नुपर्दछ ।

## शिक्षक सेवा आयोग

सामुदायिक विद्यालयमा सरकारबाट स्वीकृत दरबन्दीअनुसार रिक्त शिक्षक तथा कर्मचारीको नियुक्तिको लागि परीक्षा सञ्चालन तथा त्यस्तो पदमा नियुक्त शिक्षक तथा कर्मचारीको बढुवाको लागि सिफारिश गर्न आयोगको स्थापना भएको हो ।

४०. **कार्यक्रम र प्रगति -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व नियमावली, २०७७ को नियम ३६ मा बजेट तथा कार्यक्रम कार्यान्वयन गर्ने निकायबाट प्राप्त चौमासिक प्रगति विवरणको समीक्षा गरी कार्यक्रमअनुसार प्रगति हासिल गर्नुपर्ने उल्लेख छ ।आयोगको स्वीकृत कार्यक्रममध्ये आइटम बैङ्क निर्माण, परीक्षा सञ्चालन, विभिन्न विषयको पाठ्यक्रम निर्माणलगायतका क्रियाकलाप सञ्चालन भएको छैन। यो वर्ष रू.१६ करोड ४८ लाख विनियोजन भएकोमा रू.५ करोड ४५ लाख (३३ प्रतिशत) मात्र खर्च भएको छ। विनियोजित बजेट तथा स्वीकृत कार्यक्रमअनुसार कार्यसम्पादन गरी तोकिएको प्रगति हासिल गर्नुपर्दछ ।

४१. **अध्यापन अनुमति पत्र -** शिक्षा ऐन, २०२८ को दफा ११(९) मा आयोगबाट अध्यापन अनुमति पत्र नलिई शिक्षक पदको उम्मेदवार हुन नपाउने व्यवस्था छ । आयोगले २०७० देखि २०७६ सम्म १ लाख १५ हजार जनालाई अध्यापन अनुमतिपत्र प्रदान गरेको छ । पछिल्लो केही वर्षदेखि अध्यापन अनुमतिपत्रको लागि परीक्षा हुन नसकेका कारण शिक्षण पेशामा लाग्न चाहनेहरूलाई असर परेको अवस्था छ । तसर्थ आयोगले नियमित रूपमा यस्तो परीक्षा सञ्चालन गर्नुपर्दछ ।

४२. **उम्मेदवारको योग्यता** - शिक्षक सेवा आयोग नियमावली, २०५७ मा अध्ययन अनुमतिपत्र वा शिक्षक पदको लागि लिइने परीक्षामा उम्मेदवार हुन आवश्यक शैक्षिक योग्यता तथा तालिमसम्बन्धी व्यवस्था तोकिएको छ । अध्ययन अनुमतिपत्र प्राप्त गर्न तथा विद्यालय तहमा शिक्षक हुनका लागि शिक्षा संकायमा सम्बन्धित विषयको उपाधि हासिल गरी १० महिने शिक्षक तालिम लिएको हुनुपर्ने व्यवस्था छ । देशभर रहेका ६ हजार ७३२ संस्थागत विद्यालयमा शिक्षक भर्नासम्बन्धी योग्यताको कारण गणित, विज्ञान, लेखा, अंग्रेजीलगायत विषयमा शिक्षकको अभाव हुन गएको छ । शिक्षकको अभाव, शैक्षिक गुणस्तर समेतलाई ध्यान दिई उम्मेदवारको योग्यतामा पुनरावलोकन हुनुपर्दछ।

## व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना

नेपालमा प्राविधिक शिक्षा तथा व्यावसायिक सीप प्रदान गरी रोजगारीमार्फत् गरीबी निवारणमा टेवा पुऱ्याउने उद्देश्यले नेपाल सरकार र विश्व बैङ्कबीच २०७४।१०।७ मा भएको सम्झौता अनुसार व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना सञ्चालनमा रहेको छ । विश्व बैङ्कबाट एस.डी.आर. ४ करोड २७ लाख ऋण उपलब्ध हुने यस परियोजनाको अवधि २०७९।३।३१ सम्म रहेकोमा कोभिड-१९ को कारण कार्यक्रम सञ्चालन हुन नसकेकोले २०८०।३।३० सम्मको लागि अवधि थप भएको छ । यो वर्ष रू.२ अर्ब ८७ करोड ९४ लाख विनियोजन भएकोमा रू.१ अर्ब १४ करोड ६६ लाख ७२ हजार खर्च भएको देखिन्छ ।

४३. **कार्यक्रम तथा प्रगति -** दातृसंस्थासँग भएको सम्झौताअनुसार परियोजनाले ५ वर्षको अवधिमा रू.६ अर्ब खर्च गर्ने लक्ष्य रहेकोमा ५ वर्ष व्यतित हुँदा रू.३ अर्ब ५ करोड ७५ लाख (४६.३७ प्रतिशत) मात्र खर्च भएको छ । परियोजना अवधिमा १ लाख १५ हजार ५०० युवालाई छोटो अवधिको तालिम प्रदान गर्ने लक्ष्य रहेकोमा यो वर्षसम्म ६३ हजार (६४.६२प्रतिशत) युवालाई तालिम प्रदान भएको देखिन्छ । अपेक्षित उद्देश्य हासिल गर्ने गरी कार्ययोजना बनाई कार्यसम्पादन गर्नुपर्दछ ।

यस वर्ष स्वीकृत भएको तह १ को नतिजामा आधारित तालिमको लागि स्वीकृत बजेट रू.१ अर्ब १० करोडमध्ये ३२.८३ प्रतिशत, भौचरमा आधारित तालिममा रू.४० करोड ४७ लाख ५० हजार स्वीकृत बजेटमध्ये ३.०४ प्रतिशत मात्र खर्च भएको छ । यो वर्ष स्वीकृत कार्यक्रममध्ये नतिजामा आधारित तथा भौचरमा आधारित छोटो अवधिको तालिमको सीप परीक्षण र छात्रवृत्तिका लागि छनोट भएका विद्यार्थीको भौतिक सत्यापनलगायतका कार्यक्रम सञ्चालन भएको छैन । स्वयं सिकाइ भएका युवाहरूको सीप परीक्षणमा २४.६६ प्रतिशत, छोटो अवधिको तालिम र नयाँ पाठ्यक्रम निर्माण तथा परिमार्जनमा ४७.८३ प्रतिशत र प्राविधिक विद्यालयको गुणस्तर सुधार अनुदानमा ५० प्रतिशत मात्रै भौतिक प्रगति भएको छ । तोकेको लक्ष्य प्राप्त गर्ने गरी समयमै कार्यक्रम सञ्चालन गर्नुपर्दछ ।

४४. **सीप परीक्षण -** परियोजना कार्यान्वयन पुस्तिकामा उल्लिखित प्रावधानबमोजिम तालिम तथा रोजगार प्रदायक संस्थाहरूलाई दोस्रो किस्ताको रकम भुक्तानी गर्दा राष्ट्रिय सीप परीक्षण समितिको सीप परीक्षणमा सहभागी भएको तथा संयुक्त अनुगमन टोलीको सिफारिसबमोजिम भुक्तानी गर्ने व्यवस्था छ । आयोजनाले ४ प्रकारका सीपमूलक तालिम सञ्चालन गर्न ११० संस्था छनोट गरी यो वर्ष रू.१ अर्ब १४ करोड ६६ लाख समेत हालसम्म रू.३ अर्ब १० करोड ६९ लाख भुक्तानी गरेको छ । परियोजनाले विभिन्न तालिम कार्यक्रममा सहभागीहरूको सीप परीक्षण नगरी तालिम प्रदायक संस्थाहरूलाई दोस्रो किस्ता वापत रू.२० करोड १२ लाख भुक्तानी गरेको छ । सीप परीक्षणमा सहभागी भएको, सीप सिकेपछि उक्त सीप अनुसार रोजगारी प्राप्त एवं स्वरोजगार भएको सुनिश्चित हुने व्यवस्था मिलाएको छैन ।

४५. **तालिमको गुणस्तरियता -** सेवा प्रदायकसँग भएको सम्झौतामा परियोजनाबाट सञ्चालन हुने तालिम न्यूनतम ३९० घण्टा तथा ८० दिन अवधिमा गुणस्तरीय तालिम प्रदान गर्नुपर्ने उल्लेख छ । तालिम प्रदायक संस्थासँग भएको सम्झौताको अनुसूची-जी मा ८० प्रतिशत प्रशिक्षार्थी सीप परीक्षणमा सहभागी हुने र न्यूनतम ६० प्रतिशत उतीर्ण हुनुपर्ने उल्लेख छ । तालिम सञ्चालन गर्न २०७४।७५ मा सम्झौता भई तालिम लिएकामध्ये नतिजामा आधारित तालिममा सहभागी ११ हजार ६८५ मध्ये ९ हजार ५३१ र

भौचरमा आधारित तालिममा सहभागी ४ हजार १६० मध्ये ३ हजार ९० सीप परीक्षणमा उत्तीर्ण भएका थिए । त्यसैगरी २०७५।७६ मा सम्झौता भई बिभिन्न ४ प्रकारका तालिम लिएकामध्ये २० हजार ६०९ प्रशिक्षार्थीले सीप परीक्षण गरेकोमा १४ हजार ३४७ उत्तीर्ण भएका र २०७६।७७ मा सम्झौता भई विभिन्न ३ प्रकारका तालिम लिएका मध्ये १७ हजार ५३८ प्रशिक्षार्थी सीप परीक्षणमा सहभागी भएकोमा ६ हजार ४४६ मात्रै उत्तीर्ण भएकोले तालिम प्राप्त गरेपनि प्रमाणपत्रबाट वञ्चित हुनुपर्ने अवस्था रहेको छ। सम्झौताबमोजिम गुणस्तरीय तालिम दिई नतिजामूलक उपलब्धि हासिल गर्ने परियोजनाको लक्ष्य रहे पनि सीप परीक्षणको नतिजा विश्लेषण गर्दा तालिमको गुणस्तर सम्बन्धमा आश्वस्त हुनसक्ने अवस्था छैन । सेवा प्रदायकले गुणस्तरीय तालिम सञ्चालन गरेको विषयमा परियोजनाले ध्यान पुऱ्याएको नदेखिँदा कार्यक्रम सञ्चालनमा संलग्न पदाधिकारी र सेवा प्रदायकलाई जिम्मेवार बनाई कार्यक्रमको नतिजा विश्लेषण गरेर मात्र सेवा प्रदायकलाई फरफारक दिनुपर्दछ ।

## मेडिकल कलेज पूर्वाधार निर्माण विकास आयोजना

४६. **जग्गा प्राप्ति -** एक प्रदेश एक मेडिकल कलेज स्थापना गर्ने नीतिअनुरूप २०७५।७६ मा कर्णाली प्रदेशको वीरेन्द्रनगर(सुर्खेत), लुम्बिनी प्रदेशको तिलोत्तमा (रूपन्देही) र मधेश प्रदेशको बर्दिबास (महोत्तरी) मा मेडिकल कलेज पूर्वाधार निर्माण विकास आयोजना सञ्चालनमा आएको छ । यस सम्बन्धमा निम्नानुसार देखिएको छः

४६.१. मेडिकल कलेज पूर्वाधार निर्माण विकास आयोजना, रूपन्देहीको स्वीकृत गुरुयोजनाअनुसार २०७७ असारबाट निर्माण कार्य शुरु गरी पहिलो चरणमा सम्वत् २०८० बाट ३०० शय्याको अस्पताल सञ्चालन गर्ने उल्लेख भएकोमा जग्गा प्राप्ति टुंगो नलागेकोले विस्तृत परियोजना प्रतिवेदन स्वीकृत भएको छैन । आयोजनामा यो वर्ष कार्यालय सञ्चालनमा रू.१ करोड ५७ लाख ६७ हजार खर्च भएको छ ।

सुर्खेत मेडिकल कलेज पूर्वाधार निर्माण विकास आयोजनमा गत वर्ष र यो वर्ष रू.९६ लाख १० हजार खर्च भएको छ । जग्गा प्राप्तिको अभावमा हालसम्म पूर्वाधार निर्माण सम्बन्धी कार्य शुरु भएको छैन ।

४६.२. बर्दिबासको मेडिकल कलेज पूर्वाधार निर्माण विकास आयोजनको लागि वन क्षेत्रको जग्गा पहिचान गरेकोमा सो प्राप्त नहुँदै पूर्वाधार निर्माणको लागि गुरुयोजना, माटो परीक्षण, वातावरणीय प्रभाव मूल्याङ्कन आयोजनाको विस्तृत परियोजना प्रतिवेदन र लागत अनुमान तयारी लगायतमा यस वर्षसम्म रू.५ करोड ३४ लाख १५ हजार खर्च भएको छ । वन क्षेत्रको जग्गामा कार्य अगाडि नबढाउन अन्तरिम आदेश समेत भएकोले उपयुक्त विकल्पको पहिचान गरी पूर्वाधार निर्माण गर्नुपर्दछ ।

४७. **बजेट फिर्ता -** सशर्त कार्यक्रमको लागि विनियोजित बजेटमध्ये वर्षान्तमा खर्च नभएको रकम फिर्ता गर्नुपर्नेमा मेडिकल कलेज पूर्वाधार आयोजना महोत्तरीले रू.६ करोड २ लाख ९९ हजार, रूपन्देहीले रू.५ करोड ३४ लाख ४२ हजार, सुर्खेतले रू.२ करोड २० लाख ९१ हजार, मेडिकल कलेज पूर्वाधार विकास समिति कैलालीले रू.४ करोड ९ लाख ४० हजार र मदन भण्डारी विज्ञान तथा प्रविधि विश्वविद्यालयले रू.२२ करोड २६ लाख २९ हजार समेत रू.३९ करोड ९४ लाख १ हजार विविध खातामा मौज्दात राखेको छ । उक्त रकम संघीय सञ्चित कोषमा फिर्ता गर्नुपर्दछ ।

# संगठित संस्था, समिति र अन्य संस्था

## नेपाल विज्ञान तथा प्रविधि प्रज्ञा प्रतिष्ठान

नेपालमा विज्ञान तथा प्रविधिको विकास, अनुसन्धान र प्रवर्द्धन प्राविधिक क्रियाकलापको लागि उपयुक्त वातावरण सिर्जना गर्न २०३९ सालमा प्रतिष्ठान स्थापना भई सञ्चालनमा रहेको छ ।

४८. **बजेट तथा कार्यक्रम -** नेपाल विज्ञान तथा प्रविधि प्रतिष्ठान ऐन, २०४८ बमोजिम प्रतिष्ठानले विज्ञान तथा प्रविधि क्षेत्रको विकास, अनुसन्धान र प्रवर्द्धन तथा प्राविधिक क्रियाकलाप सञ्चालनमा केन्द्रित रही स्वीकृत वार्षिक बजेट तथा कार्यक्रमअनुसार खर्च गर्नुपर्दछ । विगत ३ वर्षमा प्रतिष्ठानको कार्यक्रम सञ्चालन अवस्था देहायबमोजिम छः

**(रकम रू.लाखमा)**

| सि. नं. | आर्थिक वर्ष | कुल बजेट | कुल खर्च | कुल खर्च मध्ये | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | प्रशासनिक तथा अन्य | | विज्ञान, प्रविधि र अनुसन्धान | |
| | | | | खर्च | प्रतिशत | खर्च | प्रतिशत |
| १ | २०७५।७६ | ३३१६ | २३९१ | १८३२ | ७६.६२ | ५५९ | २३.३८ |
| २ | २०७६।७७ | ४३२४ | २२१९ | १५७९ | ७१.१६ | ६४० | २८.८४ |
| ३ | २०७७।७८ | ३९०८ | २४३२ | १८२६ | ७५.०८ | ६०६ | २४.९२ |

प्रतिष्ठानको कुल खर्चमध्ये तलब, भत्ता, ज्याला एवं प्रशासनिक तथा अन्य खर्च २०७५।७६ मा ७६.६२ प्रतिशत, २०७६।७७ मा ७१.१६ प्रतिशत र २०७७।७८ मा ७५.०८ प्रतिशत र अध्ययन अनुसन्धान खर्च कुल खर्चको तुलनामा क्रमशः २३.३८ प्रतिशत, २८.८४ प्रतिशत र २४.९२ प्रतिशतमात्र रहेको छ । प्रतिष्ठानले प्रशासनिक कार्यमा बढी तथा अनुसन्धान कार्यमा कम खर्च गर्दा विज्ञान तथा प्रविधिको क्षेत्रमा अपेक्षित प्रगति हुनसकेको छैन। अतः अध्ययन, अनुसन्धान कार्यलाई प्राथमिकतामा राखी कार्यक्रम सञ्चालन र खर्च व्यवस्थापन गर्नुपर्दछ।

४९. **उपकरणको उपयोग -** प्रतिष्ठानले यस वर्ष जैविक प्रविधिबाट इथानोल उत्पादन गर्ने बायोरेक्टर उपकरण रू.१९ लाख २१ हजारमा र भाइरोलोजी प्रयोगशाला स्थापना गरी विभिन्न संस्थासँगको सहकार्यमा भ्याक्सिनसम्बन्धी अनुसन्धानसमेतको कार्य गर्न रू.२६ लाख ८३ हजारमा खरिद गरेको आर.टी.पि.सी. आर. उपकरण उद्देश्यअनुसार उपयोगमा आएको छैन । आवश्यक व्यवस्था मिलाई खरिद भएका उपकरणहरू अनुसन्धानात्मक कार्यमा प्रयोग गर्नुपर्दछ ।

५०. **कार्यसम्पादन** - विज्ञान र प्रविधिको युगमा अगाडि बढ्दै जाँदा मुलुकको गतिविधि राष्ट्रिय तथा अन्तर्राष्ट्रिय रूपमा अध्ययन गर्ने कार्य वैज्ञानिकहरूको हो । विगतमा नेपालले निर्माण गरी परीक्षणसमेत गरेको भू-उपग्रह परीक्षण गरेको ३ वर्षमा अन्तरिक्षबाट जमिनमा खसिसकेको अवस्थामा सोमा भएका कमी कमजोरी र सिक्नुपर्ने पाठ विश्लेषण गरेर अगाडि बढ्नुपर्नेमा प्रतिष्ठानले तत्पश्चात् कुनै कार्यक्रमको थालनी गरेको छैन । सौर्य उर्जा परीक्षण गर्ने प्रयोगशाला निर्माण गर्ने कार्यक्रमको शुरुवात नगरेको, रुख बिरुवा हुर्कन असर गर्ने विभिन्न झारले अधिकांश जंगली भाग ढाकेकोमा सोको प्रयोग र परिचालनसम्बन्धी अध्ययन नगरेको, नियमित रूपमा अनुसन्धान गर्ने विद्यावारिधियुक्त वैज्ञानिकहरूको समूह व्यवस्थापन नभएको, अनुसन्धान कार्यको आधारभूत अनुसन्धान सामग्री प्रकाशन गरी पारदर्शिता नगरेको, चीन

सरकारको सहयोगमा जडान गरेको इजी वार्निङ्ग सिष्टमको सर्भर कास्की र रौतहटमा रहेतापनि सोका सूचकहरू चिनीयाँ भाषामा मात्र रहेकोले राष्ट्रले अपनत्व नलिएको, जि.पि.एस.स्टेशनको नतिजा मूल्याङ्कन नभएको लगायतको विषयमा सुधार गर्न बाँकी छ । प्रतिष्ठानको मुख्य तथा सहायक कार्य छुट्याई विज्ञान र प्रविधिको क्षेत्रमा प्रभावकारी एवं नतिजामूलक कार्य गर्नुपर्दछ ।

## विश्वविद्यालय अनुदान आयोग

५१. **अनुदान वितरण स्थिति -** आयोगको कार्य व्यवस्था नियमावली, २०६० को नियम ६.१ मा आयोगको कोषबाट विश्वविद्यालयलाई तोकिएको आधारमा अनुदान वितरण गर्ने व्यवस्था छ । आयोगले यो वर्ष ११ विश्वविद्यालयमा रू.१२ अर्ब ३० करोड ४२ लाख ७० हजार अनुदान दिएको छ ।

(रू.हजारमा)

| क्र. सं. | विश्वविद्यालय | विद्यार्थी | २०७६।७७ को अनुदान रकम | २०७७।७८ को अनुदान रकम | वृद्धि प्रतिशत | प्रतिविद्यार्थी अनुदान २०७७।७८ |
|---|---|---|---|---|---|---|
| १ | त्रिभुवन विश्वविद्यालय | ३८७८७० | ९२३७५८६ | ९१३३१७८ | (१.१३) | २३.५५ |
| २ | नेपाल संस्कृत विश्वविद्यालय | २८२८ | ६८०८०४ | ७२७३९४ | ६.८४ | २५७.२१ |
| ३ | काठमाडौं विश्वविद्यालय | १८६४३ | १४०००० | १७१५०० | २२.५ | ९.२० |
| ४ | पुर्वाञ्चल विश्वविध्यालय | ३०५२७ | २००४०० | २१०००० | ४.७९ | ६.८८ |
| ५ | पोखरा विश्वविद्यालय | ३२५८४ | १२०००० | १३०००० | ८.३३ | ३.९९ |
| ६ | लुम्विनी बौध्द विश्वविद्यालय | ६९५ | १३७००० | १७०००० | २४.०९ | २४४.६० |
| ७ | कृषि तथा वन विश्वविद्यालय | ४४२८ | ६९४१०८ | ७२४७९८ | ४.४२ | १६३.६८ |
| ८ | मध्य पश्चिमाञ्चल विश्वविद्यालय | ९७५४ | ३०३१०० | ४०६१०० | ३३.९८ | ४१.६३ |
| ९ | सुदूर पश्चिमाञ्चल विश्वविद्यालय | १००९७ | २७०४०० | ३४६४०० | २८.११ | ३४.३१ |
| १० | राजर्षि जनक विश्वविद्यालय | १८६ | १२४१०० | १३१४०० | ५.८८ | ७०६.४५ |
| ११ | नेपाल खुल्ला विश्वविद्यालय | ११६४ | १४३५०० | १५३५०० | ६.७० | १३१.८७ |
| | **जम्मा** | **४९८७७६** | **१२०५०९९८** | **१२३०४२७०** | **२.१०** | **२४.६७** |

५१.१. आयोगले यो वर्ष ११ विश्वविद्यालयलाई गत वर्षको तुलनामा औसतमा २.१० प्रतिशत वृद्धि गरी अनुदान वितरण गरेको छ । त्रिभुवन विश्वविद्यालयमा मात्र १.१३ प्रतिशतले घटेको देखिन्छ। प्रति विद्यार्थी अनुदान रकम राजर्षि जनक विश्वविद्यालयलाई रू.७ लाख ६ हजार र सबैभन्दा कम पोखरा विश्वविद्यालयलाई रू.४ हजार रहेको विवरणबाट देखिएको छ । विद्यार्थीको अनुपात, सञ्चालित कार्यक्रमलाई आधार बनाई मापदण्डका आधारमा अनुदान दिने नीति बनाउनुपर्दछ ।

५१.२. विश्वविद्यालयतर्फ कुल विद्यार्थीको ७७ प्रतिशत भार रहेको त्रिभुवन विश्वविद्यालयले कुल अनुदानको ७४ प्रतिशत (रू.९ अर्ब १३ करोड ३२ लाख) प्राप्त गरेको देखिन्छ । कुल विद्यार्थीको सबैभन्दा कम ०.०४ प्रतिशत भार रहेको राजर्षि जनक विश्वविद्यालयले कुल अनुदानको १.०७ प्रतिशत रू.१३ करोड १४ लाख प्राप्त गरेको देखिन्छ । विश्वविद्यालयलाई दिएको अनुदान रकम तोकिएको कार्यमा खर्च भएको सम्बन्धमा प्रगति प्रतिवेदन लिई आयोगबाट अनुगमन गरेको देखिएन । अनुदान रकम उपयोग सम्बन्धमा अनुगमन हुनुपर्दछ ।

५२. **सामुदायिक क्याम्पसलाई अनुदान -** आयोगको कार्य व्यवस्था नियमावली, २०६० को नियम ६.२ मा सम्बन्धन प्राप्त शैक्षिक संस्थालाई अनुदान वितरण गर्न सक्ने व्यवस्थाअनुसार विगत ५ वर्षमा सम्बन्धन प्राप्त सामुदायिक क्याम्पसहरूलाई आयोगले देहायअनुसारको अनुदान निकासा दिएको छः

(रू. हजारमा)

| आर्थिक वर्ष | नियमित अनुदान | | पुँजीगत अनुदान | | जम्मा रकम |
|---|---|---|---|---|---|
| | क्याम्पस संख्या | अनुदान रकम | क्याम्पस संख्या | अनुदान रकम | |
| २०७३।७४ | ४७४ | ३२६१२८ | १३५ | ११३३८५ | ४३९५१३ |
| २०७४।७५ | ४७७ | ३१९३९६ | १६८ | १४५५६५ | ४६४९६१ |
| २०७५।७६ | ४५७ | ३७७०८४ | २०१ | १४४९०० | ५२१९८४ |
| २०७६।७७ | ४६० | ३८३४३८ | १४३ | २४१७५० | ६२५१८८ |
| २०७७।७८ | ४५९ | ४३५१६८ | १८२ | ३५०८८० | ६६०५४५ |
| **औसत वार्षिक** | **४६५** | **३६८२४३** | **१६६** | **१९९२९६** | **५४२४३८** |
| **वृद्धि प्रतिशत** | **-०.२२** | **१३.४९** | **२७.२७** | **४५.१४** | **५.६६** |

यो वर्षको अनुदान २०७३।७४ को तुलनामा ५०.२९ प्रतिशत तथा गत वर्षको तुलनामा ५.६६ प्रतिशतले बढेको छ । अनुदान रकमको उपयोग सम्बन्धमा आयोगबाट नियमित अनुगमन हुन सकेको छैन । नियमित एवं प्रभावकारी अनुगमन गरी अनुदान उपयोगको सुनिश्चितता गर्नुपर्दछ ।

५३. **समकक्षता निर्धारण -** त्रिभुवन विश्वविद्यालय संगठन तथा शैक्षिक प्रशासनसम्बन्धी नियम, २०५० को परिच्छेद-१४ को व्यवस्था अनुसार विदेशी तथा नेपालकै अन्य विश्वविद्यालयबाट आर्जन गरेको विषयगत र अन्तर विषयगत दुवै प्रकारका शैक्षिक उपाधि समकक्षता निर्धारण गर्ने कार्य त्रिभुवन विश्वविद्यालय पाठ्यक्रम विकास केन्द्रबाट हुँदै आइरहेको छ । आवश्यक ज्ञान तथा जनशक्तिको अभाव, नीतिगत रूपमा स्पष्ट व्यवस्था, नयाँ विषयमा गर्नुपर्ने निर्णयमा विज्ञताको कमी तथा विषय समेत नखुलाई समकक्षता प्रमाणपत्र दिने कारणले कतिपय परीक्षार्थीले समस्या भोग्नुपर्ने अवस्था समेत रहेको छ । परीक्षार्थीको योग्यता र विज्ञतासमेत नखुलेको प्रमाणपत्रले रोजगारीमा समेत असर गर्ने गर्दछ ।तसर्थ सम्पूर्ण विश्वविद्यालयको छाता संगठनको रूपमा रहेकोले समकक्षता निर्धारणसम्बन्धी व्यवस्था पुनरावलोकन हुनुपर्दछ ।

५४. **गुणस्तर सुनिश्चितता -** विश्वविद्यालयबाट सम्बन्धन प्राप्त वा आङ्गिक क्याम्पसहरूले गुणस्तर सुनिश्चितता गर्ने व्यवस्था गरे पनि यसलाई अनिवार्य नगरी स्वैच्छिक सहभागिताको लागि आयोगमा अनुरोध गर्ने व्यवस्था छ । क्याम्पसहरूको शैक्षिक गुणस्तर सुधार, भौतिक तथा मानवीय स्रोत साधनको परिचालन गर्न आयोगले विभिन्न ८ सूचकको आधारमा १२० नतिजालाई आधार लिई मूल्याङ्कन गर्ने व्यवस्था मिलाएको छ । यसप्रकारको गुणस्तर आश्वस्तताको लागि आंगिक तथा सम्बन्धन प्राप्त १ हजार ४२६ क्याम्पसले कार्ययोजना बनाएर आयोगमा पेस गरेका छैनन् । यो वर्ष ५७ अर्थात् ३.९१ प्रतिशत क्याम्पसको मात्र गुणस्तर आश्वस्तता परीक्षण भएको देखिएकोले स्वैच्छिकको सट्टा जोखिममा आधारित पद्धति अवलम्बन गरी गुणस्तर आश्वस्तता परीक्षण गर्ने र उक्त परीक्षणबाट सन्तोषजनक नतिजा प्राप्त निकायलाई अनुदान दिने विषयमा नीतिगत रूपमै पुनरावलोकन हुनुपर्दछ।

५५. **सम्बन्धन -** संघीय परिवेशमा उच्च शिक्षाको स्वरूप सञ्चालन, व्यवस्थापन र नियमनको कार्य व्यवस्थित गर्न आयोगले समसामयिक रूपमा कानुन तर्जुमा गरी व्यवस्थापन गर्नुपर्नेमा २०७३।७४ मा नै अनुदान

आयोग ऐन तर्जुमा गर्ने उल्लेख गरेकोमा हालसम्म विधयेक प्रस्तुत भएको छैन । आयोगले २०७४ मा गरेको एक अध्ययनको आधारमा त्रिभुवन, खुल्ला, कृषि तथा वन, नेपाल संस्कृत र लुम्बिनी विश्वविद्यालयलाई केन्द्रीय विश्वविद्यालयको रूपमा राखी केन्द्रीय विभाग र आङ्गिक क्याम्पसबाट कार्यक्रम सञ्चालन गर्ने, बाँकी पूर्वाञ्चल, पोखरा, मध्यपश्चिमाञ्चल, राजर्षि जनक तथा सुदूर पश्चिमाञ्चल विश्वविद्यालयले प्रादेशिक विश्वविद्यालयको रूपमा सञ्चालन भई प्रदेशभित्रका क्याम्पसहरूको सम्बन्धन र सुपरिवेक्षण गर्ने उल्लेख भएतापनि सो कार्य हुनसकेको छैन । विभिन्न विश्वविद्यालयहरूले आ-आफ्नो भौगोलिक क्षेत्र बाहेक अन्यत्रका कलेजलाई सम्बन्धन दिँदा प्रशासनिक तथा पूर्वाधार व्यवस्थापन, अनुगमन निरीक्षण लगायतमा प्रभावकारिता आउने पक्षमा अध्ययन विश्लेषण भएको छैन । क्षेत्राधिकार, जनशक्ति र आवश्यकताका आधारमा सम्बन्धन दिने विषयमा आयोगले प्रभावकारी भूमिका निर्वाह गर्नुपर्दछ ।

५६. **क्याम्पसहरूको सुशासन -** उच्च शिक्षाको गुणस्तर सुधार गर्न अध्यापनमा गुणस्तरीय जनशक्ति, आवश्यक पूर्वाधार एवं उपयुक्त अध्ययन वातावरणको आवश्यकता पर्दछ । हाल क्याम्पसहरूको पठनपाठनमा विद्यार्थीको उपस्थिति अभिलेख नराखेको विद्यार्थी र कक्षा सञ्चालनको विश्लेषण नगरी विभिन्न शिक्षक नियुक्ति गरेको, आन्तरिक स्रोत एवं शिक्षण शुल्क समयसापेक्ष बनाउन नसकिएको, क्याम्पसहरूमा पुस्तकालय लगायतका पूर्वाधारको न्यूनता रहेको, शिक्षक विद्यार्थीका पोशाक लगायतका शैक्षिक गतिविधि झल्कने संहिता नबनाएको, अध्यापन अनुमतिको व्यवस्था नगरिएको लगायतका कारणले शैक्षिक नतिजा औसतमा २९ प्रतिशत मात्र रहेको छ । बजारको मागअनुसार शैक्षिक जनशक्ति उत्पादनलाई सामञ्जस्य गर्न समेत सकिएको छैन । क्याम्पसहरूको सुशासन अभिवृद्धिको नतिजालाई समेटेर अनुगमन गर्ने र सोलाई अनुदानमा आबद्ध गर्ने व्यवस्था मिलाउनुपर्दछ ।

५७. **उच्च शिक्षा सुधार परियोजना -** आयोगले यस परियोजनाअन्तर्गत कोभिड-१९ संकट व्यवस्थापनका कार्य गर्न रू.१६ करोड ६२ लाख ८२ हजार, गुणस्तर सुनिश्चितता तथा प्रत्यत्यनमा संलग्न शैक्षिक संस्थाहरूलाई रू.३४ करोड ३६ लाख ५४ हजार, पाठ्यक्रम पीरमार्जन तथा नयाँ थप शैक्षिक कार्यक्रम सञ्चालन अन्तर्गत रू.२१ करोड ७ लाख १५ हजार, ट्रेसर स्टडिज, स्रोत परिचालन, विद्यार्थी उत्तीर्ण प्रतिशत, दलित तथा उपेक्षित वर्गको भर्ना संख्या, शैक्षिक व्यवस्थापन प्रणाली सुदृढीकरणमा रू.४८ करोड २८ हजार, त्रिभुवन विश्वविद्यालयबाहेकका ८ विश्वविद्यालयको शैक्षिक तथा परीक्षा सुधार, प्राज्ञिक उत्कृष्टताबापत रू.९ करोड ८८ लाख, अनुसन्धान, संस्थागत सहयोग, प्रकाशन सहायता, विद्यार्थी वित्तीय सहायता कोष विकास समिति र त्रिभुवन विश्वविद्यालय कार्यक्रम कार्यान्वयन इकाईलाई रू.२८ करोड ७३ लाख ३१ हजार समेत रू.१ अर्ब ४८ करोड ६८ लाख १० हजार अनुदान निकासा गरेको छ। अनुदान रकम तोकिएबमोजिमको कार्यमा उपयोग भएको सम्बन्धमा अनुगमन गरी प्रतिवेदन गरेको छैन । अनुदानको उपयोग प्रभावकारी रूपमा भएको सुनिश्चितता हुनुपर्दछ ।

५८. **नक्साङ्कन र विलय -** आयोगले तयार गरेको प्रतिवेदन अनुसार गत वर्षसम्म देशभर १५२ आंगिक, ५३६ सामुदायिक र ७४९ निजी समेत १ हजार ४३७ क्याम्पस रहेकामध्ये १०० भन्दा कम विद्यार्थी भएका क्याम्पस ५१० रहेका छन् । आयोगले देशभरमा रहेका क्याम्पसहरूको नक्साङ्कन गरी क्याम्पसहरूलाई एक आपसमा विलय हुन प्रोत्साहन गर्ने नीति ल्याएको छैन । न्यून विद्यार्थी भएका

क्याम्पसहरूको नक्साङ्कन गरी विलय गराउँदा सञ्चालनको लागि आवश्यक स्रोत साधनमा वृद्धि भई गुणस्तर सुधारमा समेत सहयोग पुग्ने देखिएकोले यस सम्बन्धमा नीतिगत पुनरावलोकन हुनुपर्दछ।

## राष्ट्रिय परीक्षा बोर्ड

शिक्षा ऐन, २०२८ अनुसार २०७३।३।१५ मा गठन भएको राष्ट्रिय परीक्षा बोर्डले कक्षा ९ देखि १२ सम्मको परीक्षा सञ्चालन, समन्वय र व्यवस्थापनलगायतका कार्य गर्दै आएको छ । बोर्ड अन्तर्गत ७ प्रदेश परीक्षा कार्यालय, ५ शाखा कार्यालय र कक्षा १० (एस.ई.ई) परीक्षा नियन्त्रण कार्यालयसहित १३ कार्यालयमा ३८१ कर्मचारी कार्यरत रहेका छन् । बोर्डले यस वर्ष रू.१ अर्ब ८७ लाख खर्च गरेको छ।

५९. **प्राविधिक धार -** सामुदायिक विद्यालयहरूले इन्जिनियरिङका ५ र फाइन आर्ट समेत ६ प्राविधिक धार सञ्चालन गरेका छन् । यो वर्षसम्म २७८ सामुदायिक विद्यालयले प्राविधिक धार सञ्चालन गर्न अनुमति स्थानीय तहबाट लिए पनि यो वर्ष नेपाल सरकारले रू.१० अर्ब ७६ करोड १४ लाख बजेट निकासा गरेको छ । प्राविधिक धार सञ्चालन गर्ने विद्यालयहरूमा आवश्यक शिक्षक जनशक्ति, प्रयोगशाला लगायतका भौतिक पूर्वाधारको यथोचित विकास भएको छैन । पूर्वाधार एवं स्रोत र साधनको विश्लेषण बेगर स्वीकृति दिइएको, कक्षा ९ र १० को प्राविधिक धार नभएकोमा समेत कक्षा ११ र १२ को प्राविधिक धार दिइएको, प्राविधिक धार सञ्चालनबाट परीक्षा उत्तीर्ण गरेका विद्यार्थीहरूले व्यावहारिक सीपको कारणले सम्बन्धित प्राविधिक विषयमा रोजगारी एवं स्वरोजगारी प्राप्त गर्न नसकेकोले यो व्यवस्था मागमा आधारित देखिएको छैन। तसर्थ प्राविधिक धार सञ्चालनमा स्रोत र साधन एवं पूर्वाधारको अनुगमन गरेर स्वीकृति एवं नियमन गर्ने तथा प्राविधिक धारबाट उत्पादित जनशक्तिको परीक्षा सञ्चालन र उपयोग सम्बन्धमा छुट्टै नीति बनाई कार्यान्वयनमा लैजानुपर्दछ।

६०. **कक्षा १२ को परीक्षाफल** – नेपाल सरकारको २०७८।२।१६ को निर्णयानुसार कोभिड-१९ महामारीको कारणबाट कक्षा १२ को परीक्षा सञ्चालन गर्दा परीक्षार्थीलाई भौतिक रूपमा उपस्थिति भई परीक्षा सञ्चालन हुन नसक्ने अवस्था रहेको जनाई विद्यालयहरूको आन्तरिक मूल्याङ्कनलाई आधार मानी बोर्डले परीक्षाफल प्रकाशन गरेको छ ।

| जी.पी.ए. | २०७६ | २०७७ | २०७६ को आधारमा प्रतिशत | २०७८ | २०७६ को आधारमा प्रतिशत |
|---|---|---|---|---|---|
| ३.६१-४.० | ३०६७ | ६९१६ | १२५.५० | ७०६३ | १३०.२९ |
| ३.२१-३.६० | १६२०४ | ३८४८० | ३७.४७ | ४८२३९ | १९७.७० |
| २.८१-३.२० | ३१०६२ | ७६८४१ | १४७.३८ | ७०००१ | १२५.३६ |
| २.४१-२.८० | ५६५०३ | १०९३१२ | ९३.४६ | ९९५३७ | ७६.१६ |
| २.०१-२.४० | ८६२२७ | ५२४२७ | (३९.२०) | ७५०८८ | (१२.९२) |
| १.६१-२.०० | ६२६१९ | ७१६४ | (८८.५६) | २४५१५ | (६०.८५) |
| १.२१-१.६० | १९५८६ | ३३३ | (९८.३०) | ३८७५ | (८०.२२) |
| ०.८१-१.२० | ३५२४ | ४ | (९९.८९) | २९६ | (९१.६०) |
| ०.०-०.८१ | १३३६२ | १८८३९ | ४०.९९ | १००७३ | (२४.६१) |
| **कुल जम्मा** | **९२१५४** | **३१०३१६** | | **३३८६८७** | |

परीक्षा बोर्डले २०७६ मा परीक्षा सञ्चालन र परिणाम प्रकाशन गरेको संख्याको आधारमा विद्यालयहरूले आन्तरिक मूल्याङ्कन गर्दा ३.६१ देखि ४.०० सम्म जि.पि.ए.ल्याउने संख्या २०७७ र २०७८ मा क्रमशः १२५.५० प्रतिशत र १३०.२९ प्रतिशतले बढेको देखिन्छ । त्यसैगरी ३.२१ देखि ३.६० सम्म जी.पी.ए.ल्याउने संख्या २०७७ र २०७८ मा क्रमशः १३७.४७ र १९७.७० प्रतिशत र २.८१ देखि ३.२० सम्म जी.पी.ए.ल्याउने संख्या १४७.३८ र १२५.३६ प्रतिशतले बढेको देखिन्छ। विद्यालयहरूको आन्तरिक मूल्याङ्कनबाट २.४० भन्दा कम जी.पी.ए.ल्याउने विद्यार्थीको संख्या र प्रतिशत उल्लेख्य रूपमा घटेको छ । यो नतिजाबाट शैक्षिक गुणस्तर वृद्धि भएको देखिए पनि विद्यालयको आन्तरिक मूल्याङ्कनलाई नमूना परीक्षण गरी यसको विश्वसनीयता सुनिश्चित गरेको छैन । अतः परीक्षाको नतिजालाई विश्वसनीय बनाउन परीक्षा सञ्चालन, व्यवस्थापन र मूल्याङ्कन गर्ने प्रणालीमा सुधार हुनुपर्दछ।

## प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्

प्राविधिक शिक्षा तथा व्यावसायिक तालिमलाई स्तरयुक्त बनाउने, तालिम दिने निकायहरूबीच समन्वय कायम गर्ने तथा सीपको स्तर निर्धारण एवं प्रमाणीकरण गर्ने उद्देश्यले परिषद्को स्थापना भएको देखिन्छ । परिषद्अन्तर्गत केन्द्रीय कार्यालय, प्रशिक्षण प्रतिष्ठान, परीक्षा नियन्त्रण कार्यालय, सीप परीक्षण समिति, ७ प्रदेश कार्यालय, ६३ आङ्गिक शिक्षालय र २ परियोजना सञ्चालनमा रहेका छन् । परिषद्को लागि यो वर्ष रू.६ अर्ब ८३ करोड ३१ लाख बजेट व्यवस्था भएकोमा रू.३ अर्ब ८६ करोड ९३ लाख खर्च भएको छ ।

६१. **लक्ष्य प्रगति** – परिषद्को नियमावली, २०५१ मा वार्षिक कार्यक्रमको त्रैमासिक प्रगति विवरण लिई समीक्षा गर्ने व्यवस्था छ । यो वर्ष केन्द्रीयस्तरका ६ कार्यक्रमको लागि रू.२ अर्ब ४९ करोड ५३ लाख बजेट स्वीकृत भएकोमा रू.१ अर्ब ३० करोड ३९ लाख (५२ प्रतिशत) खर्च गरी ६२ प्रतिशत भौतिक प्रगति भएको देखिन्छ।

दिगो तथा सम्मानित रोजगारीका लागि सीप परियोजना (इन्स्योर) ले २८ प्रतिशत, राष्ट्रिय सीप परीक्षण समितिले ३१ प्रतिशत र सक्षमता परियोजनाले ३८ प्रतिशत खर्च गरी क्रमशः ७९, ५६ र ७८ प्रतिशत भौतिक प्रगति गरेको छ । परीक्षा नियन्त्रण कार्यालयले ७४ प्रतिशत र केन्द्रीय कार्यालयले ७० प्रतिशत खर्च गरी क्रमशः ४१ र ३१ प्रतिशत मात्र भौतिक प्रगति गरेको छ । खर्च र भौतिक प्रगतिबीच तालमेल हुने कार्यक्रम सञ्चालन गरी तोकिएको लक्ष्य हासिल गर्नुपर्दछ।

६२. **सम्बन्धन तथा नवीकरण** - प्राविधिक शिक्षा तथा व्यवसायिक तालिम परिषद् नियमावली, २०५१ मा निजी क्षेत्रमा प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम सञ्चालन गर्न चाहने संस्थालाई परिषद्ले २ वर्षसम्म अस्थायी र सो अवधिपछि तोकेको शर्त पूरा गरेमा स्थायी सम्बन्धन दिनसक्ने, ती संस्थाले प्रत्येक वर्ष नवीकरण गर्नुपर्ने र शर्त पालना नगरेमा सम्बन्धन स्थगन वा रद्द गर्नसक्ने व्यवस्था छ । परिषद्ले यस वर्षसम्म प्राविधिक शिक्षा कार्यक्रम सञ्चालन गर्न ४२९ निजी शिक्षण संस्थालाई सम्बन्धन र ५७२ सामुदायिक विद्यालयलाई अनुमति दिएको छ । विगत ३ वर्षमा आंगिक, साझेदारी, सामुदायिक र सम्बन्धन प्राप्त गर्ने निजी संस्था देहायअनुसार रहेका छन्ः

| शिक्षालय वा संस्था | शिक्षालय, विद्यालय र निजी संस्था संख्या | | | | वृद्धि प्रतिशत | |
|---|---|---|---|---|---|---|
| | २०७५।७६ सम्मको | २०७६।७७ मा थप | २०७७।७८ मा थप | २०७७।७८ सम्म जम्मा | २०७६।७७ | २०७७।७८ |
| आंगिक शिक्षालय | ४५ | १४ | २ | ६१ | ३१ | ३ |
| साझेदारी शिक्षालय | ६ | १४ | १८ | ३८ | २३३ | ९० |
| सामुदायिक विद्यालय | ३९७ | १३७ | ३८ | ५७२ | ३५ | ७ |
| निजी विद्यालय/संस्था | ४२९ | ० | ० | ४२९ | ० | ० |
| **जम्मा विद्यालय** | **८७७** | **१६५** | **५८** | **११००** | **१९** | **३** |

६२.१. **आंगिक** शिक्षालय, साझेदारी र सामुदायिक विद्यालयको संख्या २०७५।७६ सम्म क्रमशः४५, ६ र ३९७ रहेकोमा २०७७।७८ सम्म ६१, ३८ र ५७२ पुगेकोमा निजी विद्यालयको संख्या ४२९ रहेको छ । सम्बन्धनको लागि २०६९ सम्म १ हजार ७१८ निजी विद्यालयले प्रस्ताव पेस गरेकोमा परिषद्ले ती प्रस्ताव उपर ९ वर्षसम्म पनि छानबिन गरी टुङ्गो लगाएको छैन ।

६२.२. शैक्षिक सत्र २०७७।७८ को नियमित अनुगमन प्रदेश कार्यालय मार्फत् सुचारु रहेको अवस्थामा कोभिड-१९ को कारण देशमा बन्दाबन्दी भएकोले परिषद् कार्यालयको २०७८।२।३ को पत्रबाट सातवटै प्रदेश कार्यालयलाई नियमित अनुगमन हुन नसकेका शिक्षालयहरूको स्वमूल्याङ्कन मार्फत् अनुगमन गराई प्रतिवेदन पेस गर्न पत्राचार भएको छ । बन्दाबन्दी अघि १५९ शिक्षालयको नियमित अनुगमन सम्पन्न भएको र बन्दाबन्दी पश्चात् २१७ शिक्षालयले अनलाइन मार्फत् स्वमूल्याङ्कन फाराम भरी प्रदेश कार्यालयबाट प्राप्त प्रतिवेदनका आधारमा ३७६ निजी शिक्षालयको नवीकरणका लागि स्तर निर्धारण परिषदमा पठाएको देखिन्छ । सोमध्ये ३७४ शिक्षालयको २०७७।७८ का लागि नवीकरण गरेको छ। परिषदबाट स्थलगत अनुगमन गरी संस्थाहरूको मूल्याङ्कनलाई यथार्थपरक बनाउनुपर्दछ ।

६३. **विद्यार्थी भर्ना** - परिषद् अन्तर्गतका आंगिक, साझेदारी, सामुदायिक र सम्बन्धन प्राप्त निजी विद्यालय समेत १ हजार १०० शिक्षालयमा कृषि, इन्जिनियरिङ, स्वास्थ्य, होटल व्यवस्थापन लगायतका विषयको प्रि-डिप्लोमा र डिप्लोमा तहमा ३ वर्षमा सम्बन्धन प्राप्त विद्यालय स्वीकृत कोटा र भर्ना संख्या देहायअनुसार छः

| आर्थिक वर्ष | शिक्षालय/विद्यालय | विद्यार्थी संख्या | | | | भर्ना प्रतिशत |
|---|---|---|---|---|---|---|
| | | प्रि डिप्लोमा | डिप्लोमा | कुल भर्ना क्षमता | भर्ना संख्या | |
| २०७५।७६ | ८७७ | ३३७६७ | २८२४८ | ६२०१५ | ५१८३२ | ८४ |
| २०७६।७७ | १०४२ | ३५८८७ | ३८९७६ | ७४८६३ | ४७४४९ | ६३ |
| २०७७।७८ | ११०० | ३७९०५ | ४५३४८ | ८३२८९ | ४४६८२ | ५४ |

६३.१. उल्लिखित तथ्याङ्कअनुसार कोटा संख्या २०७५।७६ को तुलनामा २०७६।७७ मा १८.८१ प्रतिशत र २०७७।७८ मा २४.४२ प्रतिशतले बढेकोमा भर्ना हुने विद्यार्थी संख्या क्रमशः ८.४६ प्रतिशत र १३.७९ प्रतिशतले घटेको छ । यो वर्षसम्म प्रि-डिप्लोमा तहमा २ लाख ४२ हजार र डिप्लोमा तहमा १ लाख समेत ३ लाख ४२ हजार प्राविधिक जनशक्ति उत्पादन भएको देखिन्छ । सामुदायिक विद्यालयमा अनुमति प्राप्त कोटा संख्याको तुलनामा ५० प्रतिशत मात्र भर्ना भएको देखियो । त्यस्तै परिषद्ले गत वर्ष २५ हजार ४६० जनशक्ति उत्पादन गरेकोमा यो वर्ष २६ हजार ८८७ उत्पादन गरेको छ । विद्यालयमा

भर्ना हुने विद्यार्थी संख्या घट्दै गएकोले प्राविधिक जनशक्तिको माग र आपूर्तिको विश्लेषण गरी तालिम प्रदायक संस्थालाई सम्बन्धन तथा अनुमति दिनुपर्दछ।

६३.२. यो वर्षको कुल भर्ना क्षमतामध्ये निजी संस्थामा ४३.७४, सामुदायिक विद्यालयमा ४०.८० र आंगिक तथा साझेदारी संस्थामा १५.४६ प्रतिशत रहेको छ । पेशागत आधारमा विद्यार्थी भर्ना दर इन्जिनियरिङमा ३८.६०, स्वास्थ्यमा २७.६३, कृषिमा २९.८८ र होटल व्यवस्थापन तथा अन्यमा ३.८९ प्रतिशत रहेको छ । प्राविधिक जनशक्ति उत्पादनमा परिषद्अन्तर्गतका आङ्गिक तथा साझेदारी शिक्षालयको हिस्सा न्यून रहेको छ |

६४. **भवन निर्माण कार्य -** सार्वजनिक खरिद ऐन तथा नियमावलीमा खरिद गुरुयोजना तयार गरी खरिद कार्य गर्नुपर्ने र एउटै कार्यलाई टुक्रागरी खरिद गर्न नहुने व्यवस्था छ । परिषद्ले यो वर्ष ७ पोलिटेक्निक संस्थामा भवन तथा पूर्वाधार निर्माण कार्यको लागि रू.२९ करोड ६३ लाखको लागत अनुमान तयार गरी ७ निर्माण व्यवसायीसँग ३ महिना देखि १ वर्ष सम्ममा कार्यसम्पन्न गर्ने गरी रू. २३ करोड १७ लाख ४९ हजारको सम्झौता गरी यो वर्ष रू.५ करोड ३३ लाख भुक्तानी गरेको छ ।

परिषद्ले गुरुयोजना तयार नगरी विभिन्न पोलिटेक्निक इन्स्टिच्युटमा भवन निर्माण शुरु गरेको र विगत वर्षदेखि एउटै भवन निर्माणको लागि २ देखि ४ सम्म ठेक्का व्यवस्थापन गरेको पाइयो । यो वर्ष सम्झौता भएकामध्ये श्रीराम मिथिला पोलिटेक्निक ईन्स्टिच्युट धनुषा, निर्मल लामा पोलिटेक्निक इन्स्टिच्युट बर्दिबास र शहिद कृष्ण सेन इच्छुक ईन्स्टिच्युट दाङले एउट भवनको लागि २ ठेक्का लगाउँदा कुनै पनि सम्पन्न भएका छैनन् । एउटा भवन निर्माण गर्न एकभन्दा बढी ठेक्का व्यवस्थापन गरेकोले ठेक्कामा दोहोरोपना भई समय बढी लाग्ने, लागत वृद्धि हुने र गुणस्तरमा समेत असर पर्ने देखिएकोले एकमुष्ट लागत अनुमान तयार गरी ठेक्का सम्झौता गर्नुपर्दछ ।

६५. **वैदेशिक सहायताको लेखापरीक्षण –** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३५मा सबै कारोबारको लेखापरीक्षण महालेखापरीक्षकको कार्यालयबाट गराउनुपर्ने व्यवस्था छ। निजी क्षेत्रको सहकार्यमा सुविधा विहीन वर्गका युवाहरूलाई तालिम उपलब्ध गराई बेरोजगारी कम गराउने उद्देश्यले परिषद्, स्वीस सरकार र एक अन्तर्राष्ट्रिय गैरसंस्थाबीच २०७२।१२।२२ मा सम्झौता गरी दिगो तथा सम्मानित रोजगारीका लागि सीप परियोजना (इन्स्योर) सञ्चालन भएको छ । सम्झौता अनुसार दोस्रो चरण २०७८।३।१ सम्म स्विस फ्रयान्क १३.४ मिलियन अनुदान प्राप्त हुने र सहायता रकमको लेखापरीक्षण महालेखापरीक्षकको कार्यालय वा व्यावसायिक लेखापरीक्षकबाट हुने व्यवस्था छ । परियोजनाले २०७७।७८ को रू.९ करोड ५९ लाख समेत २०७४।७५ देखि २०७७।७८ सम्म रू.३८ करोड ३२ लाख खर्च गरेकोमा सोको लेखापरीक्षण व्यावसायिक लेखापरीक्षकबाट गराएको छ । कानुनमा भएको व्यवस्थाअनुसार लेखापरीक्षण गराउनुपर्दछ ।

६६. **मस्यौट -** आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३० र ५४ मा सरकारी रकम मस्यौट र दुरूपयोग गरेमा आवश्यक कारबाही गरी जिम्मेवार व्यक्तिबाट सरकारी बाँकी सरह असुल उपर गरिने व्यवस्था छ । परिषद्को प्रदेश नं.१ कार्यालय, इटहरीमा कार्यरत लेखा अधिकृतले २०७७ श्रावणदेखि २०७८ जेष्ठसम्मको तलब वितरण गर्दा जोडजम्मा फरक पारेको, बजेटभन्दा बढीको रकम चेक काटी सो

रकम आफैंले प्रयोग गरेको, कर्मचारीबाट कट्टा गरेको सापटी रकम आफैंले प्रयोग गरेको, पेश्की फस्यौंट हुँदा प्राप्त नगद आफैंले प्रयोग गरेको, कट्टी भएको अग्रिम कर बैङ्क जम्मा नगरेको समेत रू.३५ लाख ८८ हजार हिनामिना मस्यौट गरेकोमा हालसम्म कानूनी कारबाही गरी मस्यौट गरेको रकम असुल गरेको छैन। निज कर्मचारी तथा जिम्मेबार व्यक्तिको कार्यसम्पादन उपर थप छानबिन तथा कानुनबमोजिम आवश्यक कारबाही गरी उक्त रकम सरकारी बाँकी सरह व्याज सहित असुल गर्नुपर्दछ ।

६७. **सम्बन्धन प्राप्त संस्थालाई अनुदान** - प्राविधिक शिक्षा तथा व्यावसायिक तालिम परिषद्ले आङ्गिक पोलिटेक्निकल इन्स्टिच्यूटहरूलाई मात्र सार्वजनिक कोषबाट अनुदान दिनुपर्नेमा निजी तथा साझेदारी रूपमा सञ्चालित शिक्षालयलाई समेत अनुदान दिएको देखियो । यसप्रकारको अनुदान २०७४।७५ देखि २०७६।७७ सम्म ५ संस्थालाई रू.६५ करोड ७४ लाख ६६ हजार दिएकोमा २०७७।७८ मा १६ पोलिटेक्निकल इन्स्टिच्युटलाई रू.९ करोड २६ लाख २० हजार अनुदान दिएको छ । निजी तथा साझेदारी संस्थालाई अनुदान दिने रकममा क्रमशः वृद्धि भएको देखियो ।

निजी तथा साझेदार संस्थाको दैनिक कारोबार सञ्चालनलाई समेत अनुदान दिने नीति औचित्यपूर्ण देखिँदैन । सामुदायिक रूपमा दर्ता भएका संस्थाहरू आफ्नै स्रोतबाट सञ्चालन हुनेगरी सम्बन्धन लिएको अवस्थामा निरन्तर अनुदान दिने कार्यमा पुनरावलोकन गर्नुपर्दछ ।

## त्रिभुवन विश्वविद्यालय

उच्च शिक्षाको क्षेत्रमा अध्ययन, अनुसन्धान गरी नयाँ ज्ञान, प्रविधि र सीपको विकास गर्न उच्च शिक्षा र ज्ञानसहितको जनशक्ति उत्पादन गरी समुन्नत समाजको निर्माणमा टेवा पुर्याउने उद्देश्यले स्वायत्त संस्थाको रूपमा २०१६ सालमा विश्वविद्यालय स्थापना भएको हो । विश्वविद्यालय अन्तर्गत ५ अध्ययन संस्थान, ४ संकाय, ४ अनुसन्धान केन्द्र, ६२ आङ्गिक क्याम्पस, ४० केन्द्रीय विभाग ४ शिक्षण स्कूल र १ हजार ६० सम्बन्धन प्राप्त क्याम्पस रहेका छन् । विश्वविद्यालयअन्तर्गत १४३ खर्च इकाईमध्ये १२१ इकाईले यो वर्ष रू.१३ अर्ब २६ करोड ७१ लाख खर्च गरेका छन् ।

६८. **वित्तीय विवरण -** विश्वविद्यालयको आर्थिक व्यवस्थापन तथा खरिद सम्बन्धी नियम, २०५० मा विश्वविद्यालयले सबै आर्थिक कारोबारको केन्द्रीय आर्थिक विवरण तयार गरी महालेखापरीक्षक समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । विश्वविद्यालयले केन्द्रीय आर्थिक विवरण तयार गरी पेस गरेको छैन । विश्वविद्यालय मातहतका निकायहरूले पेस गरेको वित्तीय विवरणमा भवन, सवारी साधन, फर्निचर, उपकरण लगायत पुँजीगत सम्पत्तिको ह्रास कट्टी नगरेको, जग्गाको मूल्याङ्कन नराखेको, धरौटी तथा अन्य दायित्व एउटै शीर्षकमा राखेको, वित्तीय विवरणमा तुलनात्मक कारोबार नदेखाएको लगायतका कारणले प्रस्तुत वित्तीय विवरणले समग्र कारोबारको यथार्थ चित्रण गरेको छैन । सम्पत्ति तथा दायित्वसमेतको यथार्थ कारोबार देखिने गरी वित्तीय विवरण तयार गर्नुपर्दछ ।

विश्वविद्यालयले आन्तरिक आयलाई नन्अपरेटिभ खातामा जम्मा गरी सो खाताबाट निकासा लिने नगरेको, धरौटी हिसाब छुट्टै खातामा नराखेको, अधिकांश निकायले बैङ्क हिसाब मिलान नगरेको, सम्पत्तिको भौतिक परीक्षण नगरेको, आम्दानी तथा असुलीको मूल्याङ्कन नगरेको र वार्षिक लक्ष्य तथा प्रगति प्रतिवेदन

तयार नगरेको लगायतका व्यहोरा गत विगत वर्षदेखि औंल्याउँदै आए तापनि सुधार गरेको छैन । प्रचलित लेखाप्रणाली तथा ढाँचामा सुधार गरी आर्थिक कारोबारलाई पारदर्शी बनाउनुपर्दछ ।

६९. **दरबन्दी तथा पदपूर्ति -** विश्वविद्यालयको शिक्षक, कर्मचारी सेवा सम्बन्धी नियम, २०५० को नियम ४ मा शिक्षक तथा कर्मचारीहरूको दरबन्दी कार्यकारी परिषद्ले तोकेबमोजिम हुने उल्लेख छ । विश्वविद्यालय र अन्तर्गतका आंगिक क्याम्पसमा शिक्षक ७ हजार ९३८ र कर्मचारी ८ हजार १२४ समेत १६ हजार ६२ दरबन्दी रहेकोमा क्रमशः शिक्षक ५ हजार १३४ तथा कर्मचारी ५ हजार ३६२ समेत १० हजार ४९६ कार्यरत रही शिक्षक ३५.३२ प्रतिशत र कर्मचारी ३३.९९ प्रतिशत रिक्त रहेको देखिन्छ । कार्यरत कर्मचारीमध्ये श्रेणीविहीन कर्मचारी १ हजार ९४७ छन् । सबै केन्द्रीय निकाय र क्याम्पसहरूको साविकको दरबन्दीमा आवश्यकता र औचित्यको आधारमा पुनरावलोकन हुनुपर्दछ ।

७०. **आन्तरिक आय-व्यय -** विश्वविद्यालयले यो वर्ष सरकारी अनुदान रू.१० अर्ब ४५ करोड ४९ लाख र आन्तरिक आय रू.११ अर्ब ४१ करोड ६ लाख समेत रू.२१ अर्ब ८६ करोड ४५ लाख प्राप्त गर्ने अनुमान गरेकोमा अनुदान रू.१० अर्ब ५९ करोड ४८ लाख र आन्तरिक आय रू.५ अर्ब ४ करोड १२ लाख (लक्ष्यको ४४.१८ प्रतिशत) समेत रू.१५ अर्ब ६३ करोड ६० लाख प्राप्त गरी रू.१३ अर्ब २६ करोड ७१ लाख खर्च गरेको छ । आन्तरिक आयले ३८ प्रतिशतमात्र खर्च धानेको स्थिति छ ।

विश्वविद्यालयको आङ्गिक क्याम्पस ६२ मध्ये खर्चको तुलनामा शंकरदेव क्याम्पसले ८६.६४ प्रतिशत, पब्लिक युथ क्याम्पसले ७०.७३ प्रतिशत, नेपाल ल क्याम्पसले ६८.०५ प्रतिशत आन्तरिक आय प्राप्त गरेतापनि सिद्धनाथ क्याम्पसले खर्चको तुलनामा २.६२ प्रतिशत, महेन्द्र विन्देश्वरी क्याम्पसले ३.९ प्रतिशत र १२ क्याम्पसले खर्चको तुलनामा १० प्रतिशतभन्दा न्यून आन्तरिक आय प्राप्त गरेको देखिन्छ । खर्चको अनुपातमा आम्दानी कम भएको कारण सरकारी व्ययभार बढ्दै गएको छ। लामो अवधिदेखि शिक्षण शुल्क नबढाएको र थप आयस्रोतको व्यवस्था गर्न नसकेका कारण आम्दानी बढ्न सकेको छैन । तर खर्च भने धान्नै नसक्ने गरी बर्षेनी बढ्दै गएको देखिन्छ । विद्यार्थीको अनुपातमा शिक्षक तथा कर्मचारीको संख्या कायम गरी खर्च नियन्त्रण गर्नुपर्ने र आन्तरिक आय वृद्धि गरी सरकारी अनुदान माथिको निर्भरता घटाउनुपर्ने देखिएको छ ।

७१. **अध्ययन बिदाको अभिलेख –** विश्वविद्यालयको शिक्षक, कर्मचारी सेवा सम्बन्धी नियम, २०५० को नियम ३० मा शिक्षक तथा कर्मचारीलाई बढीमा ५ वर्षसम्म अध्ययन बिदा दिन सकिने, ३ वर्षसम्म अध्ययन बिदा पूरा गरेकाले कम्तीमा ३ वर्ष र सोभन्दा बढी अध्ययन बिदा उपभोग गरेकाले कम्तीमा ५ वर्ष सेवा गर्नुपर्ने व्यवस्था छ । यो वर्ष १३ शिक्षकलाई छात्रवृत्तिमा र ५६ शिक्षकलाई आफ्नै खर्चमा अध्ययन बिदा दिएको विवरण उपलब्ध गराएको छ । विश्वविद्यालयले आफ्नै खर्चमा अध्ययन गर्न जाने शिक्षकहरूलाई समेत तलबी अध्ययन बिदा दिएको छ । गत विगत वर्षमा विद्यावारिधि, एम.फिल.र स्नातकोत्तर तहमा अध्ययन गर्न अध्ययन बिदामा रहेकामध्ये बिदा सकिएपछि अध्यापनमा फर्केका र नफर्केकाको विवरण अद्यावधिक गरेको छैन । अध्ययन बिदामा बसेका शिक्षकहरूको अभिलेख अद्यावधिक गरी बिदा सकिएपछि विश्वविद्यालयको काममा फर्के नफर्केको अनुगमन गर्नुपर्दछ।

७२. **विद्यार्थी भर्ना** – विश्वविद्यालयको आङ्गिक क्याम्पस ६२ र सम्बन्धन प्राप्त क्याम्पस १ हजार ६० मा विगत ५ वर्षमा अध्ययनरत विद्यार्थीको संख्या देहायअनुसार छन्:

| क्र.सं. | अध्ययन संस्थान संकाय | २०७३।७४ | २०७४।७५ | २०७५।७६ | २०७६।७७ | २०७७।७८ |
|---|---|---|---|---|---|---|
| १ | इन्जिनियरिङ | १३२०६ | १३५८६ | २६२५६ | २७५७७ | ३२४८८ |
| २ | कृषि तथा वन विज्ञान | १८२४ | १९६५ | २७९८ | १६६२ | ४२३६ |
| ३ | चिकित्साशास्त्र | ९४०२ | ५०६४ | १०८८५ | ७५१९ | ८८८९ |
| ४ | वन विज्ञान | ९०० | १८२८ | १९९३ | ११४२ | १४७६ |
| ५ | विज्ञान तथा प्रविधि | २२०९३ | २७५६७ | ३७४४६ | ३५०१८ | २७१४७ |
| | **प्राबिधिकतर्फ जम्मा** | **४७४२५** | **५००१०** | **७९३७८** | **७२९१८** | **७४२३६** |
| ६ | कानुन | १२२१६ | ९७९५ | १५७७६ | ८५४४ | १९४६१ |
| ७ | व्यवस्थापन | १६६११३ | १७७५३७ | १८४४५७ | १९४६०८ | १७९८७१ |
| ८ | शिक्षाशास्त्र | ६८८९५ | ७६९९२ | ७४३१० | ८२५१६ | ८८४६९ |
| ९ | मानविकी | ७२७७८ | ७८०९६ | ६१५६१ | ५७१९१ | ६०६१६ |
| | **साधारणतर्फ जम्माः** | **३२०००२** | **३४२४२०** | **३३६१०४** | **३४२८५९** | **३४८४१७** |
| | **कुल जम्मा** | **३६७४२७** | **३९२४३०** | **४१५४८२** | **४१५७७७** | **४२२६५३** |
| **कुलमध्ये** | आँगिक क्याम्पसतर्फ | १३८५२१ | १४६५१३ | १५७१६९ | १४५९४७ | १६१३४१ |
| | सम्बन्धन प्राप्त क्याम्पस | २२८९०६ | २४५९१७ | २५८३१३ | २६९८३० | २६१३१२ |
| **अनुपात** | **आँगिक क्याम्पसतर्फ** | **३८** | **३७** | **३८** | **३५** | **३८** |
| | **सम्बन्धन प्राप्त क्याम्पस** | **६२** | **६३** | **६२** | **६५** | **६२** |

कुल विद्यार्थी संख्या २०७३।७४ मा ३ लाख ६७ हजार रहेकोमा २०७७।७८ मा ४ लाख २३ हजार पुगेको छ । कुल विद्यार्थीमध्ये प्राविधिक शिक्षातर्फ १७.५६ प्रतिशत र साधारण शिक्षातर्फ ८२.४४ प्रतिशत रहेको छ । आंगिक र सम्बन्धन प्राप्त क्याम्पसमा अध्ययनरत विद्यार्थीको प्रतिशत २०७३।७४ मा ३८ र ६२ रहेकोमा २०७७।७८ मा सोही अनुपात रहेको छ । उच्च शिक्षामा शैक्षिक गुणस्तरमा सुधार गरी विद्यार्थीको आकर्षण बढाउन जरुरी देखिएको छ ।

७३. **जनशक्ति उत्पादन** - विश्वविद्यालयबाट विगत ३ वर्षमा देहायअनुसारको विद्यार्थी (जनशक्ति) उत्पादन भएको देखिन्छः

| क्र. सं. | अध्ययन संस्थान र संकाय | | कुल विद्यार्थी उत्पादन संख्या | | | २०७६।७७ मा वृद्धि प्रतिशत | २०७७।७८ मा वृद्धि प्रतिशत |
|---|---|---|---|---|---|---|---|
| | | | २०७५।७६ | २०७६।७७ | २०७७।७८ | | |
| १ | अध्ययन संस्थान | इन्जिनियरिङ | २९७२ | २८४३ | ८२६ | -४.३४ | -७०.९४ |
| २ | | कृषि र पशु विज्ञान | ५०५ | ३८९ | ४६२ | -२२.९७ | १८.७७ |
| ३ | | वन विज्ञान | २६४ | २३० | २७९ | -१२.८८ | २१.३० |
| ४ | | चिकित्साशास्त्र | २१७५ | १९२२ | १८१० | -११.६३ | -५.८३ |
| ५ | | विज्ञान तथा प्रविधि | ६४३३ | ६१२७ | २९७४ | -४.७५ | -५१.४६ |
| | | **प्राविधिकतर्फ जम्मा** | **१२३४९** | **११५११** | **६३५१** | **-६.७९** | **-४४.८२** |
| १ | संकाय | कानुन | १६६६ | १९१५ | ८८० | १४.९५ | -५४.०४ |
| २ | | व्यवस्थापन | २२८४५ | १९३३० | ८३४३ | -१५.३९ | -५६.८४ |
| ३ | | शिक्षाशास्त्र | २०००६ | १४८१२ | ७११८ | -२५.९६ | -५१.९४ |
| ४ | | मानविकी | १३६९५ | ९६१५ | ७५०७ | -२९.७९ | -२१.९२ |
| | | **साधारणतर्फ जम्मा** | **५८२१२** | **४५६७२** | **२३८४८** | **-२१.५४** | **-४७.७८** |
| | | **कुल जम्मा** | **७०५६१** | **५७१८३** | **३०१९९** | **-१८.९६** | **-४७.१८** |

कुल उत्पादित जनशक्ति २०७५।७६ मा ७० हजार ५६१, २०७६।७७ मा ५७ हजार १८३ र २०७७।७८ मा ३० हजार १९९ रहेको छ । सोअनुसार समग्रमा अघिल्लो वर्षको तुलनामा क्रमशः १८.९६ र ४७.१८ प्रतिशतले घटेको छ भने प्राविधिकतर्फ वन विज्ञानमा २१.३० प्रतिशत बढेको, इन्जिनियरिङ्गमा ७०.९४ प्रतिशत र औसतमा ४४.८२ प्रतिशत घटेको र साधारण शिक्षातर्फ २१.९२ देखि ५६.८४ प्रतिशतसम्म औसतमा ४७.७८ प्रतिशत घटी रहेको छ । विश्वविद्यालयको लागि नेपाल सरकारले गत वर्ष रू.७ अर्ब ७८ करोड र यो वर्ष रू.९ अर्ब १३ करोड ३२ लाख अनुदान दिएको छ । सरकारी लगानीको तुलनामा जनशक्ति उत्पादनमा अपेक्षित उपलब्धि प्राप्ति भएको देखिँदैन।

७४. **कार्यसम्पादन -** त्रिभुवन विश्वविद्यालयले आफ्नो स्वीकृत कार्क्रम अनुसार कार्यसम्पादन गरी सरोकारवालामा प्रतिफल पुऱ्याउनुपर्नेमा तद्अनुसार हुनसकेको छैन । विश्वविद्यालयको आधारभूत कार्य शैक्षिक गुणस्तर अभिवृद्धि गरी समयमा परीक्षा सञ्चालन, नतिजा प्रकाशनलगायतका रहेका छन् । विश्वविद्यालयमा विभिन्न सरोकारवालाले विभिन्न माग राखी मूल ढोकामा २०७८।९।७ मा लगाएको ताला १६९ दिन पछि मात्र खोलेको अवस्था छ । प्रशासनिक कार्य प्रभावकारी रूपमा सञ्चालन नभएको कारणले विश्वविद्यालयले सञ्चालन गरेका कतिपय परीक्षाको नतिजा एक वर्षसम्म पनि प्रकाशन भएको छैन । स्नातक दोस्रो वर्षको परीक्षा २०७८ बैशाखमा सम्पन्न भए पनि २०७९ बैशाख अन्त्यसम्म सोको नतिजा प्रकाशन भएको छैन । यो अवस्था सेमेष्टर प्रणाली लागू भएका शैक्षिक क्षेत्रमा पनि रहेको छ । जसबाट अध्ययन कार्य समाप्त भई आफ्नो वृत्तिपथको योजना बनाएका छात्रछात्राको भावी योजनामा असर परेको छ ।

कार्यसम्पादनमा प्रभावकारिता ल्याउन आफ्नो कार्यसञ्चालन योजनाको खाका तयार नगरेको, द्वन्द व्यवस्थापनका औजार प्रयोग गर्न नसकेको, बन्द अवधिमा वैकल्पिक व्यवस्थाबाट कार्यसम्पादन गरेको उल्लेख गरे पनि सरोकारवालाले समयमा प्रतिफल प्राप्त गर्न नसकेको पक्षमा यथार्थता यकिन गरी विश्वविद्यालयको सेवा सञ्चालन चुस्त, दुरुस्त र प्रभावकारी बनाउनुपर्दछ ।

७५. **अवकाश सुविधा खर्च -** विश्वविद्यालयको आर्थिक व्यवस्थापन तथा खरिद नियमावली, २०५० को नियम ४ अनुसार स्थापना भएको उपदान तथा निवृत्तिभरण कोषमा वर्षान्तमा रू.३ अर्ब ५२ करोड ७६ लाख मौज्दात छ । यो वर्ष विश्वविद्यालयको कुल आन्तरिक आय रू.५ अर्ब ४ करोड १२ लाख रहेकोमा उपदान, औषधि उपचार, पेन्सनलागायत अवकाश सुविधामा रू.२ अर्ब ८५ करोड ८ लाख (कुल आयको ५६.५५ प्रतिशत) खर्च भएको छ । विश्वविद्यालयको कुल खर्चमध्ये २०७५।७६ मा २६.६२ प्रतिशत, २०७६।७७ मा २१.२९ प्रतिशत अवकाश सुविधामा खर्च भएको छ । उक्त खर्च २०७६।७७ मा अघिल्लो वर्षको तुलनामा २५.९० प्रतिशत बढेकोमा यो वर्ष ३.०९ प्रतिशतले घटेको छ । यो वर्ष कुल निवृत्तिभरण प्राप्त गर्नेको संख्या ६ हजार ३७५ रहेको छ । यसरी अवकाश सुविधा भुक्तानीको दायित्व बर्षेनि बढ्दै गएको भए पनि कोषमा पर्याप्त रकम नभएकोले विश्वविद्यालयले प्रत्येक वर्ष बजेट विनियोजन गरी खर्च गर्दै आएको छ ।

| आर्थिक वर्ष | पेन्सन प्राप्त गर्नेको संख्या | कुल खर्च (रू.लाखमा) | अवकाश खर्च (रू.लाखमा) | खर्च प्रतिशत | वृद्धि प्रतिशत |
|---|---|---|---|---|---|
| २०७५।७६ | ५७७५ | ९४१९६ | २५०७१ | २६.६२ | ९.७५ |
| २०७६।७७ | ६२२५ | १४८२५२ | २९४१९ | २१.२९ | २५.९० |
| २०७७।७८ | ६३७५ | १३२६७१ | २८५०८ | २१.४८ | (३.०९) |

अवकाश सुविधाको दायित्व वर्षेनी बढ्दै गएकोले सरकारी व्ययभार अझै बढ्ने देखिन्छ । आंगिक क्याम्पसहरूले आन्तरिक आयको १० प्रतिशत यस कोषमा पठाउनुपर्ने व्यवस्था भए पनि अधिकांश क्याम्पसहरूले पठाएका छैनन् । अवकाश रकम भुक्तानी गर्नको लागि कोषको उपयुक्त व्यवस्था गर्नुपर्दछ ।

७६. **पेश्की -** विश्वविद्यालयको आर्थिक व्यवस्थापन तथा खरिदसम्बन्धी नियम, २०५० मा तोकिएको म्यादभित्र पेश्की फर्स्यौट नगरेमा कारबाही गरी ब्याजसमेत असुल गर्ने व्यवस्था छ । विश्वविद्यालय र अन्तर्गतका १२१ निकायको विवरण प्राप्त भएकोमध्ये ११२ निकायका पदाधिकारी, कर्मचारी र अन्य संस्थाको नाममा यस वर्षसम्म रू.२ अर्ब २२ करोड २० लाख ९२ हजार पेश्की बाँकी रहेको छ । नियमको व्यवस्थाबमोजिम कारबाही गरी पेश्की फर्स्यौट गराउनुपर्दछ।

७७. **जग्गाको उपयोग र संरक्षण -** विश्वविद्यालय र अन्तर्गतका निकायहरूको भौतिक सम्पत्तिको खोज, सङ्कलन तथा जगेर्ना गर्न र समुचित तवरले अभिलेखीकरण गर्न गठित समितिको प्रतिवेदन अनुसार विश्वविद्यालय र मातहतका निकायको पूर्ण स्वामित्वमा १ करोड ३१ लाख ३७ हजार वर्गमिटर जग्गा रहेको, ९ लाख ९९ हजार वर्गमिटर जग्गाको भोगाधिकार रहेको र अन्य ६ लाख ५३ हजारसमेत १ करोड ४७ लाख ८९ हजार वर्गमिटर (१ हजार ४७९ हेक्टर) जग्गा रहेको उल्लेख छ । जग्गाको संरक्षण सम्बन्धमा देखिएका व्यहोरा देहायअनुसार छन्ः

७७.१. समितिले ती जग्गामध्ये सीमा अतिक्रमण गरी कब्जा गरेको, नियमित रूपमा कूत तथा भाडा नउठेको, भोगचलनमा रहेतापनि पूर्ण स्वामित्वमा नल्याएको, विश्वविद्यालयको जग्गामा अन्य निकायले निर्माण गरेका भौतिक संरचनाहरूको हकभोग हस्तान्तरण नभएको, निर्मित संरचनाहरूको स्वामित्व स्पष्ट नभएको, अभिलेख व्यवस्थित नभएको, विभिन्न निकायबीच समन्वय नभएको लगायतका समस्या समाधान गर्न दिएका सुझावहरू हालसम्म कार्यान्वयन भएको छैन ।

७७.२. विश्वविद्यालयको केन्द्रीय कार्यालय परिसरमा रहेको ११३ रोपनी जग्गा एक आवासीय विद्यालयलाई २०५७।४।१३ मा १५ वर्षको लागि उपलब्ध गराएकोमा सम्झौता अवधि सकिएपछि जग्गा खाली गर्न पटक-पटक ताकेता गर्दा पनि सो विद्यालयले नछाडेको, वाग्मती नदीको किनारामा रहेको १३ रोपनी जग्गा एक संस्थाले भोगचलन गरिरहेको, एक क्लबलाई २०७२।१।२८ देखि ३ रोपनी र एक संघलाई २०७२।३।२ मा १० रोपनी जग्गा प्रयोग गर्न दिएकोमा ती जग्गाबाट विश्वविद्यालयले कुनै आम्दानी प्राप्त गरेको छैन । विश्वविद्यालयको सम्पत्ति शैक्षिक प्रयोजनमा उपयोग गरी संरक्षण गर्नुको अतिरिक्त सरकारी जग्गा दर्ता तथा लिजमा उपलब्ध गराउने सम्बन्धी (दोस्रो संशोधन) कार्यनीति, २०७१ बमोजिम लिजमा दिने व्यवस्था मिलाउनुपर्दछ ।

७७.३. विश्वविद्यालयको स्वामित्वमा भरतपुर महानगरपालिका १५ मा रहेको २९४ बिगाह १५ कट्ठा १ धुर जग्गामा कृषि तथा वन विज्ञान विश्वविद्यालय स्थापना भई सञ्चालनमा रहेको छ । उक्त जग्गामध्ये २० बिगाह ६ कट्ठामा अन्तर्राष्ट्रियस्तरको क्रिकेट मैदान निर्माण गर्न भरतपुर महानगरपालिकालाई उपलब्ध गराउने नेपाल सरकारको २०७४।१।७ को निर्णयको आधारमा त्रिभुवन विश्वविद्यालय, भरतपुर महानगरपालिका र कृषि तथा वन विज्ञान विश्वविद्यालयबीच २०७५।६।७ मा सम्झौता गरेको उल्लेख गरी क्रिकेट मैदान निर्माण गर्न जग्गा उपलब्ध गराएकोमा सम्झौतामा त्रिभुवन विश्वविद्यालयको तर्फबाट हस्ताक्षर गरेको देखिएन । उक्त सम्झौतामा महानगरपालिकाले स्रोत जुटाई ३ वर्षभित्र क्रिकेट मैदान निर्माण कार्य सम्पन्न गर्ने उल्लेख भएकोमा हालसम्म खेल मैदान निर्माण कार्य सम्पन्न भएको छैन ।

७७.४. त्रिपुरेश्वरस्थित साविकको जनप्रशासन क्याम्पसको १० रोपनी १३ आना जग्गामा व्यापारिक केन्द्र भवन निर्माण गरी ३२ वर्ष प्रयोग गर्नेगरी लिजमा दिन एक व्यवसायीसँग २०५९।१०।२ मा सम्झौता भएको देखिन्छ । सम्झौता अनुसार प्रत्येक महिनाको घर भाडा महिना शुरु भएको १५ दिनभित्र बुझाई सक्नुपर्ने र समयमा नबुझाएमा २० प्रतिशतका दरले विलम्ब शुल्क लाग्ने व्यवस्था छ । व्यवसायीले २०६४ बैशाख देखि २०७८ आषाढसम्म रू.१ करोड ६७ लाख बुझाउन बाँकी देखिएको छ । सम्झौताअनुसार कारबाही गरी उक्त रकम विलम्ब शुल्कसहित असुल हुनुपर्दछ ।

७८. **सम्बन्धन तथा नवीकरण -** विश्वविद्यालयको संगठन तथा शैक्षिक प्रशासन सम्बन्धी नियम, २०५० को नियम ३८० मा क्याम्पसलाई शैक्षिक कार्यक्रम सञ्चालन गर्न कार्यकारी परिषद्ले बढीमा २ वर्षका लागि अस्थायी सम्बन्धन दिनसक्ने र नियम ३८१ मा स्थायी सम्बन्धन दिनसक्ने वा अस्थायी सम्बन्धनको अवधि २ वर्ष थप गर्नसक्ने व्यवस्था छ । स्थायी सम्बन्धन प्राप्त नगरेका वा अस्थायी सम्बन्धनको अवधि सकिएका क्याम्पसहरूले शैक्षिक कार्यक्रम सञ्चालन गर्न नपाउने व्यवस्था छ । विश्वविद्यालयले सम्बन्धन दिएका सामुदायिक तथा निजी क्याम्पसहरू १ हजार ६२ मध्ये एक क्याम्पसले अन्य विश्वविद्यालयको सम्बन्धन लिएको र दुई क्याम्पस आपसमा गाभिएकोले हाल सम्बन्धन प्राप्त क्याम्पस १ हजार ६० रहेका छन् । विश्वविद्यालयले तीमध्ये हालसम्म बीरगञ्जको एक मेडिकल कलेजलाई मात्र स्थायी सम्बन्धन दिएको र बाँकी सबै क्याम्पसलाई अस्थायी सम्बन्धन मात्र दिएको छ । अस्थायी सम्बन्धनको अवधि समाप्त भएका क्याम्पसको अवधि थप गर्न र स्थायी सम्बन्धन लिने व्यवस्था मिलाउनुपर्दछ ।

७९. **अनुसन्धान केन्द्र -** विश्वविद्यालयको संगठन तथा शैक्षिक प्रशासन सम्बन्धी नियम, २०५० को नियम ३३ मा विश्वविद्यालयमा अनुसन्धानात्मक कार्यसम्पादन गर्न गराउन नेपाल र एसियाली अनुसन्धान केन्द्र, व्यावहारिक विज्ञान तथा प्रविधि अनुसन्धान केन्द्र, आर्थिक विकास तथा प्रशासन अनुसन्धान केन्द्र र शिक्षा विकास तथा अनुसन्धान केन्द्र समेत ४ अनुसन्धान केन्द्र सञ्चालनमा रहेका छन् । ती अनुसन्धान केन्द्रहरूले यो वर्ष रू.२७ लाख ७६ हजार आम्दानी गरेको र रू.६ करोड ३८ लाख खर्च गरेको देखिए पनि विश्वविद्यालयको लागि गत विगतदेखि अनुसन्धानात्मक कार्यहरू गरेको देखिएन । उद्देश्य अनुरूप अनुसन्धान कार्यमा केन्द्रित हुनुपर्दछ ।

## अन्य विश्वविद्यालयहरू

८०. **सम्बन्धन शुल्क** - पूर्वाञ्चल विश्वविद्यालय नियमावली, २०५३ को परिच्छेद-१५क मा सम्बन्धनसम्बन्धी व्यवस्था छ । कार्यालयले उपलब्ध गराएको विवरणअनुसार विश्वविद्यालयबाट ११७ क्याम्पसले सम्बन्धन लिएकोमा ११४ सञ्चालनमा रहेका र ३ सञ्चालनमा नरहेको उल्लेख छ । सम्बन्धन लिएका क्याम्पसहरू मध्ये आर्थिक वर्षको अन्त्यसम्म ५२ क्याम्पसबाट रू.२ करोड ९६ लाख सम्बन्धन शुल्क असुल हुन बाँकी रहेको छ । सो रकममध्ये ७ क्याम्पसबाट मात्र रू.२ करोड २८ लाख असुल हुन बाँकी रहेको देखिन्छ । उक्त रकम विश्वविद्यालयको नियमानुसार असुल गर्नुपर्दछ।

८१. **खर्च रकम धरौटीमा सारेको** - पूर्वाञ्चल विश्वविद्यालयको वित्तीय व्यवस्था नियमावली, २०७४ को नियम २२(१०) मा बजेट निकासा भएको रकम सम्बन्धित आर्थिक वर्षको अन्तमा स्वतः फ्रीज भएको मानिने व्यवस्था छ । सोही नियमावलीको नियम ३४ मा आर्थिक वर्षको अन्त्यसम्ममा काम हुन नपाई केवल बजेट फ्रीज हुन नदिने उद्देश्यले मात्र कसैलाई पेश्की दिन वा धरौटी खातामा जम्मा गर्न नहुने व्यवस्था छ । केन्द्रीय कार्यालय आफैले यस वर्ष बस र कार खरिद बापत २ आपूर्तकलाई भुक्तानी दिने प्रयोजनको लागि रू.८६ लाख बजेट खर्च लेखी धरौटी खातामा सारेकोले उक्त खर्च नियमसम्मत देखिएन । नियमावलीको प्रावधानअनुसार आर्थिक कारोबार सञ्चालन हुनुपर्दछ ।

८२. **जग्गाको सीमाङ्कन** - पूर्वाञ्चल विश्वविद्यालयलाई नेपाल सरकारबाट मोरङ्ग जिल्लाको साविक इन्द्रपुर, मृगौलिया र सुन्दरपुर गाउँ विकास समिति अन्तर्गतको ८०५ विगाहा जग्गा भोगचलनको लागि २०५५ सालमा स्वीकृति प्राप्त भएको उल्लेख छ । उक्त जग्गामध्ये ८० विगाहा जग्गा घेरा पर्खाल लगाई शैक्षिक तथा प्रशासकीय भवनहरू बनाई प्रयोग गर्दै आएको छ । विश्वविद्यालयको जग्गा अतिक्रमणमा परेको जनाई कंक्रिट पिलर निर्माण गर्न एक निर्माण व्यवसायीसँग २०७४।२।२० मा खरिद सम्झौता भएकोमा हालसम्म सीमा छुट्याउने काम सम्पन्न भएको देखिएन । नापी शाखा बेलबारीले २०७७।११।४ मा लेखेको पत्रमा तोकिएको चार किल्लाभित्र साविक नापीका बखत नापनक्सा नभएको, नक्सा तथा फिल्डबुक समेत कार्यालयमा नभएको उल्लेख गरेको देखिन्छ । यसरी बिभिन्न कारणले जग्गाको सीमाङ्कन नहुँदा अतिक्रमण भएको देखिँदा जग्गाको उचित संरक्षण र उपयोग गर्नुपर्दछ।

८३. **जग्गा अतिक्रमण** – नेपाल संस्कृत विश्वविद्यालयको केन्द्रीय कार्यालय र १२ आङ्गिक क्याम्पसको स्वामित्वमा तराईमा १ हजार ७१८ बिगाह १८ कट्ठा र पहाडी क्षेत्रमा १०२ रोपनी ९ आना जग्गा रहेको छ । उक्त जग्गामध्ये ४०८ बिगाहमा मोही कायम रहेको र १२ बिगाहमा स्वामित्व विवाद रहेको उल्लेख छ । दाङको बेलझुण्डी क्षेत्रमा रहेको ३२६ बिगाह जग्गा २०५८ देखि अतिक्रमणमा परेको कारण भोगचलन गर्न र आय आर्जनमा उपयोग हुन सकेको छैन । विश्वविद्यालयले सम्पत्तिको उचित संरक्षण गरी उपयोग गर्नुपर्दछ ।

पोखरा विश्वविद्यालय आर्थिक नियमावली, २०५५ को नियम २९(५) मा विश्वविद्यालय र अन्तर्गतका निकायहरूमा रहेको घरजग्गा सवारी साधनलगायतका अन्य सम्पत्तिहरूको केन्द्रीय लगत राख्ने व्यवस्था मिलाउने उल्लेख छ । कार्यालयले विश्वविद्यालय अन्तर्गतका निकायहरूमा रहेको सम्पत्तिहरूको केन्द्रीय लगत राखेको देखिएन । विश्वविद्यालयको स्वामित्वमा रहेका पोखरा

महानगरपालिका वडा नं.१२, १३, १४ का जग्गा १ हजार ३७२ रोपनी १४ आनामध्ये ६२५ रोपनीभन्दा बढी जग्गा सुकुम्बासीहरूले अतिक्रमण गरेको विवरण प्राप्त भएकोमा विश्वविद्यालयले सम्पत्तिको केन्द्रीय लगत राखी संरक्षण तथा सदुपयोगको उचित व्यवस्था मिलाउनु पर्दछ ।

८४. **सम्पत्ति व्यवस्थापन -** सुदूर पश्चिमाञ्चल विश्वविद्यालय आर्थिक प्रशासन नियमावली, २०६९ नियम ९३(७) मा विश्वविद्यालयको नाममा प्राप्त हुन आएका सम्पतिको मूल्य, सम्पति रहेको स्थान, खरिद तथा प्राप्ति मिति खुल्ने गरी राख्नुपर्नेमा तद्अनुसार राखेको छैन । विश्वविद्यालयको भवन, फर्निचर मेसिनरी तथा वैज्ञानिक सम्पत्तिलगायतका स्थिर सम्पत्तिको मूल्य रू.२१ करोड १४ लाख देखाएकोमा भवन मूल्याङ्कनको स्पष्ट आधार लिएको छैन भने मातहतका निकायहरूको सम्पत्ति समावेश गरेको छैन । विश्वविद्यालयअन्तर्गतका सम्पूर्ण निकायहरूमा सम्पत्तिको वास्तविक मूल्याङ्कनको आधारमा अभिलेख राख्नुपर्दछ ।

## मेडिकल कलेज पूर्वाधार निर्माण विकास समिति, कैलाली

चिकित्सा शिक्षाको विकास तथा प्रवर्द्धन गर्न मध्यम तथा उच्च स्वास्थ्य प्राविधिक जनशक्ति उत्पादन गरी गुणस्तरीय तथा विशेषज्ञ स्वास्थ्य सेवा सुनिश्चित गर्न कैलालीको गेटामा मेडिकल कलेज स्थापना गर्न आवश्यक पूर्वाधारहरू निर्माण गर्ने उद्देश्यले यो समिति गठन भएको देखिन्छ । समितिले यो वर्ष रू.१० करोड ९७ लाख खर्च गरेको छ ।

८५. **गुरुयोजना -** समितिले मेडिकल कलेजको मापदण्डअनुसार अस्पताल, छात्रावास भवन लगायतका संरचना निर्माण गर्न रू.८ अर्ब ७४ करोड १२ लाखको गुरुयोजना तयार गरेको छ । गुरुयोजना अनुसार पहिलो चरणमा अस्पताल भवन, कलेज भवन, छात्रावास, आवासगृह, लण्ड्री, मर्चरी, रोड एक्सेस लगायतका कार्य २०७३।७४ सम्म सम्पन्न गर्ने र दोस्रो चरणमा बाँकी रहेको सिभिल वर्क्स र अन्य संरचना निर्माण कार्य २०७६।७७ देखि २०८०।८१ सम्म सम्पन्न गर्ने उल्लेख छ । समितिले यस वर्षसम्म रू.४ अर्ब २८ करोड ८८ हजार खर्च गरेकोमा निर्माण कार्य सम्पन्न गरेको छैन । गुरुयोजना अनुसार पहिलो चरणमा गर्नुपर्ने कार्यमध्ये रू.२३ करोड १९ लाख लागत अनुमान भएको खानेपानी तथा ढल व्यवस्थापन लगायतका ७ निर्माण कार्य हालसम्म सम्पन्न नभएको र दोस्रो चरणको कार्य शुरु भएको छैन ।

८६. **निर्माण कार्यको प्रगति -** खरिद सम्झौतामा तोकिएको अवधिभित्र कार्यतालिकाअनुसार निर्माण कार्य सम्पन्न गर्नुपर्दछ । समितिबाट ७ निर्माण कार्यका लागि रू.३ अर्ब ९३ करोड ३५ लाखमा खरिद सम्झौता भएकोमा रू.२ अर्ब ६५ करोड १९ लाख (६७.४१ प्रतिशत) खर्च गरेको छ । सोमध्ये विभिन्न ५ निर्माण कार्यमा २०७७ आषाढसम्म शुरु अवधिको ७९ देखि ४८० प्रतिशतसम्म अवधि व्यतीत भए पनि भौतिक प्रगति ३३ देखि ७३ प्रतिशतमात्र भएको देखिन्छ।

सबै प्याकेजको निर्माण कार्य तोकिएको समयमा सम्पन्न हुन नसकी ३५० प्रतिशतसम्म म्याद थप भएको छ।ती निर्माण कार्यहरू संशोधित कार्यतालिकाबमोजिम कार्य सम्पन्न नगरेको तथा पटक पटक म्याद थप गर्दा पनि कार्य सम्पन्न नभएको अवस्था रहेकोले खरिद नियमावली तथा सम्झौताको शर्तबमोजिम निर्माण कार्य सम्पन्न गर्नुपर्दछ ।

## जनक शिक्षा सामग्री केन्द्र लिमिटेड

नेपाल सरकारको राष्ट्रिय शिक्षा पद्धति योजनाको उद्देश्य परिपूर्तिका निमित्त आवश्यक शैक्षिक सामग्री, पाठ्यपुस्तक, शिक्षक निर्देशन पुस्तिका, शैक्षिक नक्सा, चार्ट, फिल्म आदिको उत्पादन तथा प्रकाशन गरी निर्धारित मूल्यमा उपलब्ध गराउने मुख्य उद्देश्य रहेको यस केन्द्रको स्थापना कम्पनी ऐन, २०२१ अनुसार २०३५।६।८ मा भएको हो ।हाल केन्द्र कम्पनी ऐन, २०६३ अनुसार सञ्चालनमा रहेको छ । केन्द्र अन्तर्गत ८ शाखा कार्यालयमा समेत ३५८ कर्मचारी कार्यरत रहेका छन् ।

८७. **वित्तीय स्थिति तथा सञ्चालन नतिजा -** केन्द्रको २०७८ आषाढ मसान्तमा शेयर पुँजी रू.४५ करोड ६४ लाख, सञ्चित नोक्सानी रू. १अर्ब ५३ करोड ३१ लाख, अन्य जगेडा रू. ५ अर्ब २७ करोड ७१ लाख र दायित्व रू.४ अर्ब ४० करोड ४८ लाख रहेको छ । गैर चालु सम्पत्ति रू.७ अर्ब ७७ करोड ४७ लाख र चालु सम्पत्ति रू. ८३ करोड ५ लाखसमेत सम्पत्ति रू. ८ अर्ब ६० करोड ५२ लाख रहेको छ । केन्द्रको गत वर्ष रू.१३ करोड ३५ लाख नोक्सान रहेकोमा यो वर्ष रू.१० करोड ६७ लाख नाफा रहेको छ ।

८८. **स्थिर सम्पत्तिको मूल्याङ्कन -** व्यवस्थापनले वार्षिक रूपमा सम्पत्तिको मूल्याङ्कनलाई पुनरावलोकन गर्ने लेखा नीतिमा उल्लेख गरेता पनि केन्द्रको स्थिर सम्पत्तिमा विगत वर्षदेखि मूल्याङ्कनबाट थप भएको रकमसमेत समावेश गरेको छ ।नेपाल लेखामान १६ को बुँदा ३४ बमोजिम मूल्यांकन गरी सम्पत्ति प्रस्तुत गर्दा कम्तीमा ३ वा ५ वर्षमा पुर्नमूल्याङ्कन गर्न सकिने उल्लेख छ ।केन्द्रको लेखा नीतिमा जग्गाको ४ वर्षको अन्तरालमा मूल्याङ्कन गरिने उल्लेख भए तापनि २०७४ आषाढ पश्चात् पुनर्मूल्याङ्कन गरी प्रस्तुत गरेको छैन । सम्पत्तिको आवधिक पुनर्मूल्याङ्कन हुनुपर्दछ ।

८९. **लक्ष्य प्रगति -** केन्द्रले शैक्षिक सत्र २०७८ का लागि कक्षा १ देखि १२ सम्मका १ करोड ९० लाख थान पुस्तक छपाइ गर्ने लक्ष्य राखेकोमा १ करोड ६५ लाख ३४ हजार १५३ पुस्तक छपाइ गरेको छ । देशको संघीय संरचना अनुसार प्रदेशको आवश्यकतानुसार पाठ्यपुस्तक बिक्री वितरणको तयारी हुन नसकेको, केन्द्रमा रहेको शैक्षिक सुरक्षण मुद्रणलाई प्रभावकारीरूपमा स्तरोन्नति गरी नेपाल सरकारको सुरक्षण छपाइ सम्बन्धी कार्यमा विकास गर्ने लक्ष्यमा प्रगति नभएको, आन्तरिक राजस्व विभागको अन्तःशुल्क स्टिकर छपाइको कामको छुट्टै सुरक्षण मुद्रणको व्यवस्था गर्ने लक्ष्यमा प्रगति नभएको, केन्द्रको पुराना मेसिनहरुको प्रतिस्थापन नभएको अवस्था छ । लक्ष्यअनुसार प्रगति हासिल गरी सेवा प्रवाहमा सुधार ल्याउनुपर्दछ ।

९०. **जिन्सी अभिलेख -** शैक्षिक सामग्री बिक्री वितरण निर्देशिका, २०७० ले पुस्तकहरूको निष्कासन, भण्डारण, प्राप्ति र नोक्सानीलाई लेखाङ्कन गर्ने सम्बन्धमा व्यवस्था गरेको छ । केन्द्रले प्रत्येक वर्ष भौतिक परीक्षणबाट कायम भएको पुस्तकको संख्या र मूल्य पछिल्लो वर्षलाई जिम्मेवारी सार्ने गरेको छ । केन्द्रले संरक्षणमा पर्याप्त ध्यान नपुऱ्याएका कारण यो वर्ष २० हजार ६२ थान पुस्तक क्षति भएको अवस्था छ । त्यस्तै, भौतिक परीक्षणमा भण्डारबाट निष्कासन एवं प्राप्ति हुँदा ४८ हजार १२५ थान किताब बढी र १४ हजार ३२५ थान घटी मौज्दात देखिएको छ । केन्द्रको मुख्य कार्य नै पुस्तक छपाइ र वितरण भएकोले सोको परिमाणगत हिसाब यथार्थपरक तवरले राख्ने प्रबन्ध गर्नुपर्दछ ।

९१. **खरिद तथा उत्पादन नर्म्स -** केन्द्रले वार्षिक कार्यक्रम तथा बजेट तयार गर्दा कागज खपतको परिमाण अनुमान गर्ने गरेकोमा कागजको खपत र सोअनुसार तयार हुने पुस्तकको पृष्ठ संख्या सम्बन्धी नर्म्स तयार गरेको देखिएन । केन्द्रमा गत वर्ष २ हजार ७४८ मेट्रिकटन कागज मौज्दात रहेकोमा यो वर्ष ७ हजार १५२ मेट्रिकटन खरिद तथा ६ हजार ८४० मेट्रिकटन निष्कासन गरी ३ हजार ६० मेट्रिकटन कागज मौज्दात रहेको देखिन्छ। केन्द्रले मौज्दात सम्बन्धी मापदण्ड समेत बनाएको छैन। कागजको उत्पादन, खपत, खरिद तथा मौज्दातको नर्म्स एवम् मापदण्ड तयार गरी व्यवस्थित गर्नुपर्दछ ।

# अनुगमन तथा बेरुजू

- **अनुगमन** – गत विगतका प्रतिवेदनमा विद्यालय भौतिक भवन निर्माण तथा मर्मत सुधार समयमा नभएको, खर्च भई बाँकी रकम फिर्ता नगरेको, पुँजीगत सम्पत्तिको उचित संरक्षण तथा व्यवस्थापन नभएको, संस्थागत विद्यालयको शुल्क अनुगमन, त्रिभुवन विश्वविद्यालयका केही निकायको समयमै लेखापरीक्षण नगराएको लगायतका व्यहोरा औंल्याइएकोमा यो वर्ष पनि सुधार भएको छैन ।

  आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ को दफा ३२ मा लेखापरीक्षण तथा आन्तरिक नियन्त्रण समिति रहने व्यवस्था भए पनि मन्त्रालयले तद्अनुसारको समिति बनाएको छैन । लेखापरीक्षण प्रतिवेदन तथा सरोकारवालाले उठाएका विषयहरूमा सुधार गरी स्वचालित रूपमा शैक्षिक प्रशासन सञ्चालन गर्न उक्त समिति गठन गरी सुझावहरू कार्यान्वयन गर्नुपर्नेमा यस्तो कार्य हुनसकेको छैन। गत विगत वर्षको लेखापरीक्षणमा तोकिएको सीमाभन्दा बढी वर्षान्तमा रकमान्तर गरेको, सरोकारवालाको गुनासो र सुझाव सङ्कलन गरी कार्यान्वयन गर्न हेलो सरकार कार्यक्रम अघि बढाएकोमा कार्यान्वयन नगरेको, छात्रवृत्तिको अनुगमन नगरेको, विदेशी संस्थाबाट सम्बन्धन लिएका शिक्षण संस्थाहरूले पालना गर्नुपर्ने कार्य नगरेकोमा कारबाही नगरेको, नयाँ शैक्षिक कार्यक्रम सञ्चालन अनुमति लिएकाले पनि नवीकरण नगर्दा कारबाही नगरेको लगायतका व्यहोरा यो वर्ष पनि दोहोरिएका छन् । विगतका व्यहोरा पुनरावृत्ति नहुने गरी कार्यसम्पादन गर्नुपर्दछ ।

- **बेरुजू स्थिति** – यो वर्ष मन्त्रालय र मातहतसमेतका निकायको लेखापरीक्षणबाट देखिएको बेरुजूको स्थिति देहाय अनुसार छः

  - सरकारी कार्यालयतर्फ ५२ निकायमा रू.१ अर्ब ८ करोड ३२ लाख ९४ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि ४ निकायले रू.७३ लाख ७६ हजार फस्यौंट गरेकोले रू.१ अर्ब ७ करोड ५९ लाख १८ हजार बेरुजू बाँकी रहेको छ । सोमध्ये रू.५९ लाख ९९ हजार म्याद नाघेको पेश्की रहेको छ । यस सम्बन्धी विवरण अनुसूची १५ मा छ ।

  - संगठित, अन्य संस्था र समिति १४१ तर्फ रू.८ अर्ब ९३ करोड २६ लाख ३३ हजार बेरुजू देखिएकोमा प्रारम्भिक प्रतिवेदन उपलब्ध गराएपछि ४ निकायले रू.३ अर्ब ७३ करोड ८८ लाख ८६ हजार फस्यौंट गरेकोले रू.५ अर्ब १९ करोड ३७ लाख ४७ हजार बाँकी रहेको छ । सोमध्ये रू.३८ करोड ४८ लाख ७ हजार म्याद नाघेको पेश्की रहेको छ । यस सम्बन्धी विवरण अनुसूची १६ मा छ ।